क्रमसंख्या–७३

अनुरुद्ध स्थविर

आचार्य
भिक्षु अमृतानन्द

बु. सं. २५३४
वि. सं. २०४७

ने. रू. ८/–

लेखकका पुस्तकहरू:

			ने रू.
१.	सं. बुद्धजीवनी (चतुर्थावृत्ति)		...रू. १०/-
२.	धम्मपद (तृतीयावृत्ति)		...रू. १०/-
३.	गृही-विनय (तृतीयावृत्ति)		...रू. १०/-
४.	अग्रश्रावक		
५.	कसको कुरा सत्य हो		
६.	बुद्धशासनको इतिहास	भाग १	...रू ४/-
७.	पटाचारा स्थवीरा	८.	अम्बसक्खार प्रेतकथा
९.	सुतनु जातक	१०.	बोधिराजकुमार
११.	बुद्धकालीन ब्राह्मण	भाग-१	...रू. ७/-
१२.	बुद्धकालीन ब्राह्मण	भाग-२	..रू. १५/-
१३.	बुद्धकालीन ब्राह्मण	भाग-३	...रू. १७/-
१४.	बुद्धकालीन गृहस्थीहरू	भाग-१	..रू. ८/-
१५.	बुद्धकालीन गृहस्थीहरू	भाग-२	.रू. १५/-
१६.	बुद्धकालीन गृहस्थीहरू	भाग-३	.रू. १५/-
१७.	बुद्धकालीन राजपरिवार	भाग १	.रू. १०/-
१८.	बुद्धकालीन राजपरिवार	भाग-२	..रू. १६/-
१९.	बुद्धकालीन राजपरिवार	भाग-३	.रू. १८/-
२०.	बुद्धकालीन परिव्राजकहरू	भाग-१	..रू. १६/-
२१.	बुद्धकालीन परिव्राजकहरू	भाग-२	.रू. १५/-
२२.	बुद्धकालीन परिव्राजकहरू	भाग-३	..रू २३/-
२३.	बुद्धकालीन महिलाहरू	भाग-१	...रू. ८/-
२४.	बुद्धकालीन महिलाहरू	भाग-२	..रू. १४/-
२५.	बुद्धकालीन श्रावक-चरित	भाग-१	.रू. ९/-
२६.	बुद्धकालीन श्रावक-चरित	भाग-२	..रू. १७/-
२७.	बुद्धकालीन श्रावक-चरित	भाग-३	..रू. २०/-

क्रमसंख्या–७३

अनुरुद्ध स्थविर

आचार्य
भिक्षु अमृतानन्द

बु. सं. २५३४
वि. सं. २०४७

ने. रु. ८/-

प्रकाशक :

"आनन्द कुटी विहार गुठी"

(सं. द. नं. १/०३१ प्र. जि. अ. का. का.)

आनन्दकुटी विहार, स्वयम्भू,

काठमाडौं, नेपाल ।

फोन– २७१४२०

बु. सं. २५३४

ने. सं. १११०

वि. सं. २०४७

ई. सं. १९९०

प्रथम संस्करण– १०००

मुद्रक :

शोभा भगवती प्रिन्टिङ प्रेस

छेत्रपाटी, ढल्को, काठमाडौं

फोन– २१२५६१

स्वर्गीय श्री जुजुकाजी वज्राचार्यको पुण्यस्मृतिमा

प्रकाशित



श्री जुजुकाजी वज्राचार्य

जन्म : आश्विन कृष्णपक्ष, द्वादसी १९८०

स्थान : गा:बहाल, ललितपुर।

मृत्यु : १७ जेष्ठ, २०२७

स्थान : पाल्पा तान्सेन।

स्वर्गीय श्री जुजुकाजी वज्राचार्यप्रति

श्रद्धाञ्जली अर्पण गर्नेहरू:

श्रीमती हरिकुमारी वज्राचार्य

पुत्रहरू : राजकुमार वज्राचार्य

अनिस कुमार वज्राचार्य

समिर कुमार वज्राचार्य

पुत्र वधु : लक्ष्मीदेवी वज्राचार्य

प्रकाशकीय

पूज्य आचार्य अमृतानन्द महानायक महास्थविरज्यूले शब्द संग्रहको लागी अन्वेषणात्मक ढंगले मूलपालि त्रिपिटकबाट तयार पार्नु भएको बुद्धकालीन विशेष पात्रहरू मध्ये अनुरुद्ध स्थविर पनि एक हुनुहुन्छ। कपिलवस्तुबाट उपालि नाउँका साथ भगवान् बुद्धकहाँ प्रव्रजित हुन जानुभएका छ जना शाक्य राजकुमारहरू मध्ये वहाँ पनि एकजना हुनुहुन्थ्यो। बुद्ध शासनमा भिक्षुहरू मध्ये दिव्यचक्षु लाभीहरूमध्ये वहाँ एतदग्ग प्राप्त हुन्थ्यो। वहाँकै जीवनी चरित्र हो यो सानो पुस्तिका।

सानो भएतापनि महत्वपूर्ण भएको यो पुस्तिका स्व. जुजुकाजी वज्राचार्यको पुण्यस्मृतिमा प्रकाशन गर्ने चन्दादाता वहाँकी पत्नी हरीकुमारी वज्राचार्य र वहाँका पुत्रहरू हुनुहुन्छ। चन्दादाताकै सम्पूर्ण खर्चले यो पुस्तिका प्रकाशित भएको हो। यो आनन्दकुटी विहारगुठीको ७३ औं प्रकाशन हो। अतः वहाँ महास्थविर तथा चन्दादाता दुबैको इच्छा अभिलाषा पूर्ण होस् भन्ने कामना गर्दछु।

त्यस्तैगरि पाठकवृन्द हुनुभएका तपाईहरूले पनि आ-आफ्ना ज्ञातिबन्धुको नाउँमा पुस्तक पुस्तिका प्रकाशन गर्न चाहेमा हामीलाई सम्पर्क राख्नु हुन पनि जानकारी गर्दछौं।

निमित्तः आनन्दकुटी विहारगुठी

ज्येष्ठ २७, ०४७

सदस्य-सचिव

भिक्षु मैत्री

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।

दुइ कुरा

प्रस्तुत पुस्तिका अनुरुद्ध स्थविर सम्बन्धी संगृह हो । यो, अनुरुद्ध शब्द भावी शब्द कोषमा समावेश हुने आशा राखेको छु ।

भगवान् बुद्धका माहिला काका शुक्लोदनका कान्छा छोरा अनुरुद्ध स्थविर हुनुहुन्छ । शब्दकोषमा समावेश हुने भएको हुनाले मैले सक्दो प्रयास गरी तत्सम्वन्धी कारणहरू त्रिपिटक पालिमा खोजगरी यसमा संगृह गरिदिएको छु । अतः प्रस्तुत पुस्तिकाको अध्ययन सम्बन्धमा केही कुरा यहाँ उल्लेख गर्नु अप्रासंगिक नहोला भन्ने मलाई लाग्छ ।

प्रस्तुत पुस्तक पढ्दाखेरि धेरै ठाउँहरूमा कोष्ठभित्र लेखिएका शब्दहरू पाठकहरूले पाउनुहुने छ । तर त्यस्ता शब्दहरू न पढे पनि हुन्छ । त्यो त केवल उल्लिखित कुरा कहाँ उल्लेख भएको छ भन्ने सूचना मात्र हो ।

यसको बाहेक कोष्ठभित्र कहीं अर्थ देखाउनको निमित्त, कहिं संस्कृत शब्द र पालि शब्द छुट्याउनको

निमित्त प्रयोग गरिएको पाउनु हुनेछ। जस्तै– पृ. २८ मा "शैक्ष शैक्ष (सेखो सेखो)" भन्ने पाउनु हुनेछ। यस्तो ठाउँमा कोष्ठ भित्रको शब्द पालि शब्द हो भन्ने बुझ्नुपर्छ। कोष्ठको अघिल्तिर लेखिएको शब्द संस्कृत शब्द हो। दुइ घर्सो राखी कोष्ठभित्र भएको शब्द संस्कृत शब्द हो। जस्तै– पृ. २ मा "सुद्धोदनो (=शुद्धोदन)" भन्ने पाउनु हुनेछ। यहाँ दुइ घर्सो सहित कोष्ठभित्र उल्लिखित शब्द संस्कृत शब्द हो भने त्यसको अगाडितिर भएको 'सुद्धोदनो' शब्द पालि शब्द हो। केवल कोष्ठभित्र राखिएको शब्द पालि हो भने दुइ घर्सो सहित कोष्ठ भित्रको शब्द संस्कृत शब्द हो भन्ने बुझ्न पर्छ। कहीं कहीं अर्थ देखाउनको निमित्त दुइ घर्सोको साथ कोष्ठ भित्र शब्द पाउनु हुनेछ। जस्तै– पृ. ३८ मा "आभाष (=प्रकाश)" भनी लेखिएको ठाउँमा आभाष भनेको प्रकाश भनिएको हो भनी अर्थ प्रकट गर्न यसो उल्लेख भएको हो। अतः यो पुस्तिका पालि साहित्य अनुसारको आधिकारिक पुस्तिका हो भन्ने बुझ्नपर्छ।

यसको लागि सहायता लिएका गून्थहरूको नाम र संकेत शब्दको अर्थ अगाडि उल्लेख गरिदिएको छु।

प्रस्तुत पुस्तिका दिवंगत जुजुकाजी वज्राचार्यको पुण्य–स्मृतिमा वहाँकी श्रीमती हरिकुमारी वज्राचार्य तथा वहाँका पुत्रहरूले प्रकाशनार्थ चाहिने सम्पूर्ण खर्च चन्दास्वरुप आनन्दकुटी विहार गुठीलाई प्रदान गरी गुठीद्वारा प्रकाशन

गराउनु भएको कुरा पुण्यानुमोदन गर्दै कृतज्ञतापूर्वक यहाँ उल्लेख गरेकोछु । वहाँहरूको यस धर्मदानको पुण्यकार्यको प्रभावद्वारा दिवंगत श्री जुजुकाजी वज्राचार्य सुगति स्वर्गवास पुग्नुको साथै अन्तमा उनले निर्वाण सम्पत्ति प्राप्तगर्न सकून् भन्ने हार्दिक कामना गर्दछु ।

पुस्तिकाको प्रुफ हेर्ने र भाषा संशोधन गरिदिने सहयोग सधैं झैं प्रा. श्री वट्टकृष्ण 'भूषण'बाट पाए जस्तै आयुष्मान् कुमार कश्यप स्थविरबाट पनि धेरै सहयोग पाएकोमा हार्दिक धन्यवाद ज्ञापन गरेको छु ।

"चिरं तिट्ठतु सद्धम्मो"

आनन्दकुटी विहार
स्वयम्भू, काठमाडौं ।
फो. नं. २७१-४२०

–भिक्षु अमृतानन्द
जेष्ठ २८, २०४७

सहायक ग्रन्थहरू र संकेत शब्दको अर्थ–

अं. अ. क.–I, II=अंगुत्तरनिकायट्ठकथा, भाग–१, २; हेवावितारण प्रकाशन, श्रीलंका; ई. सं. १९२३, १९३१

अं. नि– १,२,३,४,५,६,७,८,९,१०,११ = अंगुत्तरनिकाय पालिको एककनिपात, दुकनिपात, तिकनिपात, चतुक्कनिपात, पञ्चकनिपात, छक्कनिपात, सत्तकनिपात, अट्ठकनिपात, नवकनिपात, दसकनिपात र एकादसकनिपात भनिएको हो । अं. नि. वा अं. नि. पा.–I, II, III. IV लेखिएको मतलव अंगुत्तरनिकायपालि पुस्तक भाग–१,२,३,४ भनिएको हो । नालन्दा प्रकाशन, भारत; ई. सं. १९६०, १९६०, १९६०,१९६०

अप. दा. अ. क.= अपदानट्ठकथा; हेवावितारण प्रकाशन, श्रीलंका; ई. सं. १९३०, १९६०

उदा. अ. क.=उदानट्ठकथा, हेवावितारण प्रकाशन, श्रीलंका; ई. सं. १९२०

चुल्ल. व. पा.= चुल्लवग्गपालि; नालन्दा प्रकाशन, भारत; ई. सं. १९५६

जा. अ. क. I–II=जातकट्ठकथा भाग–१, २ शीलानन्दत्थेर संशोधित, श्रीलंका; ई. सं. १९७२

जा. अ. क–III, IV, V,VI,VII=जातकट्ठकथा भाग–३,४, ५,६,७; हेवावितारण प्रकाशन, श्रीलंका; ई. सं. १९३१,१९३४,१९३५,१९३७,१९३९

जा. नं.=जातकको क्रमसंख्या ।

जा. पा. I, II=जातकपालि भाग–१, २; नालन्दा प्रकाशन, भारत; ई. सं. १९५९. १९५९

जा. सं.= जातकसंग्रह; आनन्दकुटी विहारगुठी प्रकाशन, काठमाडौं; वि.सं. २०३६, २०३६, २०३६, २०३७, २०३९

थेर. गा. अ. क.=थेरगाथट्ठकथा; भाग–१,२ नालन्दा प्रकाशन, भारत; ई. सं. १९७६, १९७७

थेर. गा. पा.= थेरगाथापालि; नालन्दा प्रकाशन भारत; ई. सं. १९५९

दी. नि. अ. क–I, II, III= दीघनिकायट्ठकथा भाग–१.२, ३; नालन्दा प्रकाशन, भारत; ई. सं. १९७४, १९७५, १९७६

धम्म. प. अ. क.=धम्मपदट्ठकथा; बुद्धदत्त संशोधित, श्रीलंका; बु. सं. २४९९

नेवारी धम्म. प. अ. क.–१=नेवारी धम्मपदट्ठकथा भाग–१ (द्वितियावृत्ति); आनन्दकुटी विहार गुठी प्रकाशन, काठमाडौं; वि. सं. २०३६

पपं. सू–I, II, III, IV= पपञ्चसूदनी भन्ने मज्झिमनिकायको अर्थकथा भाग–१,२,३,४; हेवावितारण प्रकाशन, श्रीलंका; ई. सं. १९३३, १९४३, १९४७, १९५२

परि. वा. पा.= परिवारपालि; नालन्दा प्रकाशन, भारत; ई. सं. १९५८

पाचि. पा.= पाचित्तियपालि; नालन्दा प्रकाशन, भारत; ई. सं. १९५८

पेत. व. अ. क.=पेतवत्थु अट्ठकथा; हेवावितारण प्रकाशन, श्रीलंका; ई. सं. १९१७

बु. गृ.–१, २, ३= बुद्धकालीन गृहस्थीहरू, भाग–१,२,३; आनन्दकुटी विहारगुठी, प्रकाशन, काठमाडौं; वि. सं. २०२९, २०३५, २०३६

बु. जी.= सं. बुद्धजीवनी (चतुर्थावृत्ति); आनन्दकुटी विहार गुठी प्रकाशन, काठमाडौं; वि. सं. २०४४

बु. प. १,२,३= बुद्धकालीन परिव्राजकहरू, भाग– १,२,३; आनन्दकुटी विहारगुठी प्रकाशन,काठमाडौं; वि. सं. २०३०, २०४२, २०४३

बु. प्र.=बुद्धकालीन प्रेतकथा; आनन्दकुटी विहारगुठी प्रकाशन, काठमाडौं; वि. सं. २०३३

बु. म– १,२=बुद्धकालीन महिलाहरू, भाग–१, २; आनन्द कुटी विहारगुठी प्रकाशन, काठमाडौं; वि. सं. २०३०, २०३९

बु. रा– १, २, ३= बुद्धकालीन राजपरिवार भाग–१,२,३; आनन्दकुटी विहारगुठी प्रकाशन, काठमाडौं; वि. सं. २०२९, २०४१, २०४१

बु. श्रा. च– १,२,३,४,५,६= बुद्धकालीन श्रावक चरित, भाग– १,२,३,४,५,६; आनन्दकुटी विहार गुठी प्रकाशन, काठमाडौं; वि. सं, २०३१, २०३९, २०४०, २०४०, २०४०, २०४४

बु. श्रावि. च.–१=बुद्धकालीन श्राविका चरित, भाग–१; आनन्दकुटी विहारगुठी प्रकाशन, काठमाडौं; वि. सं. २०३१

म. नि–I, II, III= मज्झिमनिकायपालि, भाग- १,२,३; नालन्दा प्रकाशन, भारत; ई.सं. १९५८,१९५८,१९५८

मनो. र. पू.–I, II= मनोरथपूरणी भन्ने अंगुत्तरनिकायको अर्थकथा; हेवावितारण प्रकाशन, श्रीलंका; ई.सं. १९२३, १९३१

महा. व. पा.= महावग्गपालि; नालन्दा प्रकाशन, भारत; ई. सं. १९५६

महा. वं.=महावंस; नालन्दा प्रकाशन, भारत; ई.सं. १९७७

महा. वं. टी.=महावंसटीका; नालन्दा प्रकाशन, भारत; ई. सं. १९७१

विमा. व. अ. क.= विमानवत्थु अट्ठकथा; हेवावितारण प्रकाशन, श्रीलंका; ई. सं. १९२५

वि. व. अ. क.=विमानवत्थु अट्ठकथा; हेवावितारण प्रकाशन, श्रीलंका; ई. सं. १९२५

सं. नि.–I, II, III, IV=संयुत्तनिकायपालि, भाग–१,२,३, ४; नालन्दा प्रकाशन, भारत; ई. सं. १९५६, १९५९, १९५९, १९५९

सं. नि. अ. क.–I, II, III= संयुत्तनिकायट्ठकथा; हेवावितारण प्रकाशन, श्रीलंका; ई.सं. १९२४, १९२७, १९३०

सुत्त. नि.= सुत्तनिपातपालि; नालन्दा प्रकाशन, भारत; ई. सं. १९५९

सुत्त. नि. अ. क.–I, II= सुत्तनिपातट्ठकथा; भाग–१, २, नालन्दा प्रकाशन, भारत; ई. सं. १९७४, १९७५

सुमं. वि.– I, II, III= सुमङ्गलविलासिनी भन्ने दीघनिकायको अर्थकथा; नालन्दा प्रकाशन, भारत; ई. सं. १९७४, १९७५, १९७६

B. H. S. D. II=Buddhist Hybrid Sanskrit Dictionary Part II. First Indian Edition 1970

B. S. L. N.=Buddhist Sanskrit Literature of Nepal, Rajendralala Mitra, Reprint 1971

विषय-सूची

—

अनुरुद्ध स्थविर

अनुरुद्ध

यो एक स्थविरको नाम हो । यी कपिलवस्तुवासी शाक्य खान्दानका एक पुत्र हुन् । यिनको वाबुको नाम **सुक्कोदन**(= शुक्लोदन) हो । (बु. गृ.–१ पृ. २१५; वलन्-गोड आनन्द मैत्रेयद्वारा लिखित 'बुद्धचरित' उपग्रन्थ–३, ई. सं. १९४३)

अं. अ. क.–१ पृ. १०७: अनुरुद्ध कथामा र सिंहल थेर. गा. अ. क. II पृ. ६६ **"अमितोदन सक्कस्स गेहे पटिसन्धि गण्हि"** अर्थात्– "अमृतोदन शाक्यको कुलमा प्रतिसन्धि लिए । अथवा अमृतोदन शाक्यको कुलमा जन्मे" भनी उल्लेख भएको छ । नालन्दा प्रकाशन थेर. गा. अ. क. II पृ. ३९७: अनुरुद्धत्थेरगाथा वण्णनामा चाहिं **'शुक्लोदनको कुलमा जन्मे'** भन्ने उल्लेख भएको छ । अप. दा.अ. क. पृ. २२६: अनुरुद्धत्थेरापदानमा चाहिं **"कपिलवत्थु नगरे सुक्कोदनस्स गेहे पटिसन्धि गण्हि"** अर्थात्– "कपिलवस्तु नगरमा शुक्लोदनको कुलमा जन्मे" भनी उल्लेख भएको छ ।

अनुरुद्ध थेरले आफ्नो 'थेरगाथापालि' पृ. ३५९, गा. नं. ९११ मा **"सोम्हि सक्यकुले जातो, अनुरुद्धो ति**

मं विदू" भन्ने मात्र उल्लेख भएको छ । अर्थात्-शाक्य कुलमा जन्मेको मलाई अनुरुद्ध भनी चिन्दछन्" भन्ने मात्र उल्लेख भएको छ । बाबु आमाको नाम उल्लेख भएको छैन । धेरै जसो अर्थकथाहरूले 'शुक्लोदनका छोरा अनुरुद्ध हुन्' भन्ने कुरा उल्लेख गरेको पाइन्छ । मेरो विचारमा पनि अनुरुद्धका पिताको नाम शुक्लोदन नै ठीक लाग्छ । अमृतोदन त आनन्दका पिता हुन् । संस्कृत बौद्ध साहित्यमा अनुरुद्धलाई 'अनिरुद्ध' भन्दछन् । (B.H.S.D. II पृ. २४)

सिंहहनुका सन्तानहरू

कपिलवस्तु नगरका **सीहहनु** (= सिंहहनु) (सुमं. वि. II पृ. १३९: महापदान सुत्त वण्णना) राजाका "**पञ्च पुत्ता दुवे धीता, आसुं सीहहनुस्स तु**" अर्थात्- "सिंहहनु राजाका पाँच (५) पुत्र र दुइ (२) पुत्री थिए" भनी महा. वं. टी. पृ, १०३: दुतिय परिच्छेद र. सुत्त.नि. अ.क. II पृ. १७६: सम्मापरिब्बाजनीयसुत्त वण्णनाले उल्लेख गरेका छन् ।

(क) सुत्त. नि. अ. क. II पृ. १७६ अनुसार उनीहरूका नाम यसप्रकार छन्-

(१) सुद्धोदनो (=शुद्धोदन), (२) अमितोदनो (=अमृतोदन), (३) धोतोदनो (=धौतोदन), (४) सक्कोदनो (=शक्रोदन) र (५) सुक्कोदनो (=शुक्लोदन) ।

(ख) महा. वं. टी. पृ. १०४: दुतिय परिच्छेद अनु-

सार दुइ छोरीको नाम– (१) अमिता (=अमृता) र (२) पमिता (= प्रमिता) हुन् ।

(ग) महा. वं. र सुत्त. नि. अ. मा नामको क्रम तल माथि भएतापनि संख्यामा चाहिं फरक छैन[1] । (बु. गृ.– १ पृ. २१५; गाइगरको महा. वं. अंग्रेजी अनुवाद पृ. १२)

सिद्धार्थ, नन्दा र नन्द गरी शुद्धोदनका तीन (३) सन्तान थिए । **शुक्लोदन [सुक्कोदन]** का महानाम र अनुरुद्ध दुइ छोराहरू थिए । (बु. गृ.–१ पृ. २१५) शुक्लोदन भगवानका काका हुन् । थेर. गा. अ. क. II पृ. २९७ः अनुरुद्धत्थेरगाथा वण्णना) धम्म. प. अ. क. पृ. ६०६ः रोहिणिवत्थु, कोधवग्गो–१७ अनुसार अनुरुद्धकी **रोहिणी** भन्ने एउटी वहिनी भएको कुरा प्रष्ट हुन्छ । (बु. म.–२ पृ. १५८)**अमितोदन** (= अमृतोदन) का छोरा आनन्द हुन् भनी बु. गृ.–१ पृ. २१५; सुमं. वि. II पृ. १८८ः महानिदान सुत्तवण्णना; अं. अ. क.-I पृ. १६२ः आनन्दकथा; थेर. गा. अ. क. II पृ. ४८३ः आनन्दत्थेरगाथा वण्णना; अप. दा. अ. क. पृ. २५९ः

---

[1] B. S. L. N. पृ. ११६ र महावस्तु अवदानं पृ. २९५ मा चाहिं सिंहहनुका ''चत्वारि पुत्रा दारिका च एका'' अर्थात्–चार छोरा र एक छोरी छिन्'' भनी उल्लेख भएको छ । उनीहरूको नाम- (१) शुद्धोदन, (२) शुक्लोदन, (३) धौतोदन र (४) अमृतोदन तथा (१) अमिता छोरी । B. C. Law को महावस्तु पृ. ९९ मा शुद्धोदन, शुक्लोदन, शुक्रोदन र अमृतोदन भनी उल्लेख भएको छ ।

आनन्दअपदानट्ठकथाहरूले उल्लेख गरेका छन् । तर धम्म. प. अ. क. पृ. ७८८: सुमनसामणेरवत्थु, भिक्खुवग्गो–२५ मा चाहिं अनुरुद्धलाई अमृतोदनका छोरा भनी उल्लेख भएको छ।

वालक अवस्था

वालक कालमा, एकदिन, भद्रीय, किम्बिल र अनुरुद्ध-हरू खेलिरहेको बेलामा एक जनाले सोधे- "भात कहाँ पाइन्छ ?" किम्बिलले भने- "भात, भकारीमा पाइन्छ ।" उन-लाई भद्रीयले भने– "तिमीलाई भात पाइने ठाउँ थाहारहेन छ । भात कसौंडीमा पाइन्छ ।" त्यसपछि अनुरुद्धले भने– "तिमीहरू दुबै जनालाई थाहा रहेनछ । भात त सुवर्णमय थालमा पाइन्छ ।"

यी तीन जनामध्ये किम्बिलले एकदिन भकारीवाट धान झिकिरहेको देखेका थिए । भद्रीयले कसौंडीबाट भात झिकिरहेको देखेका थिए । अनुरुद्धले चाहिं थालमा भात पस्किइराखेको मात्र देखेका थिए । त्यसैले उनीहरूले त्यसो भनेका हुन् । (बु. रा.–३ पृ. १६२; धम्म. प. अ. क. पृ. ८४–८५: देवदत्तवत्थु–१२, यमकवग्गो; नेवारी धम्म. प. अ. क. भा.–१ पृ. १८७: देवदत्तया खँ–१२)

भगवान् बुद्ध बुद्ध भइसकेपछि जब वहाँ सर्वप्रथम कपिलवस्तुमा आउनु भएको थियो तब वहाँले नन्द र राहुल-

कुमारलाई प्रव्रजित गराउनु भएको थियो । त्यसपछि वहाँ कपिलवस्तुबाट अनुप्रिय भन्ने मल्लहरूको आम्रवनमा जानु भएको थियो । (बु. रा.–३ पृ. १६३) यो उही आम्रवन हो जहाँ वहाँ पहिले प्रव्रजित भई एक हप्ता बस्नु भएको थियो ।

भगवान् त्यस तरफ लागेर जानु भएपछि **शुद्धोदन** महाराजाले "यदि सिद्धार्थ कुमार गृहस्थीमा बसिरहेको भए उनी राजा हुने थिए । तिमीहरू सबै उनका परिवार हुने थियौ । अब वहाँ बुद्ध हुनुभयो । त्यसैले तिमीहरूले पनि वहाँको परिवार हुने विषयमा विचार पुऱ्याउन योग्य छ । राजाको यो कुरा सुनी हरेक शाक्यकुलवाट एक एक जना शाक्य पुत्रहरू प्रव्रजित भए भनी अं, नि. अ. क. I पृ. १०८: अनुरुद्ध कथाले र. अप. दा. अ. क. पृ. २२६–२७ मा उल्लेख गरेको छ । (बु. जी. पृ. १११; अप. दा. अ. क. पृ. २२६: अनुरुद्ध अपदानट्ठकथा ।)

प्रत्येक शाक्य कुलबाट शाक्यपुत्रहरू प्रव्रजित भएर गए तर महानाम शाक्यको कुलबाट कोहिपनि प्रव्रजित भएको थिएन । अनि मानिसहरूले भन्न थाले "शायद यी महानाम शाक्यहरू बुद्धका नाताकुटुम्ब होइओइनन् होला । त्यसैले उनका परिवारबाट कुनै पनि प्रव्रजित नभएको ।" (धम्म. प. अ. क. पृ. ८३: देवदत्तवत्थु–१२, यमकवग्गो; नेवारी धम्म. प. अ. क. भाग–१ पृ. १८४–८५; बु. जी. पृ. १११; अप. दा. अ. क. पृ. २२७: अनुरुद्ध अपदानट्ठकथा ।) यो

कुरा सुनेर महानाम शाक्य अनुरुद्धकहाँ गई हामी दुइजना मध्ये एकजना प्रव्रजित नभइ भएन भनी भन्दा पहिले त अनुरुद्धले आफू प्रव्रजित नहुने विचार गरेका थिए। तर पछि घरगृहस्थीको झंझटको कुरा सुनी प्रव्रजित हुने इच्छा गरे। (बु. गृ.–१ पृ. २१०-११-१२)

प्रव्रज्या

अनुरुद्ध शाक्य निक्कै सौखिन थिए। सिद्धार्थ कुमारको झैं उनको पनि तीन ऋतुमा बस्ने तीनवटा प्रासादहरू थिए। (चुल्ल. व. पा. पृ. २७९: संघभेदक्खन्धकं; थेर. गा. अ. क. II पृ. ३९७: अनुरुद्धत्थेरगाथा वण्णना) त्यसताका तीनवटा प्रासाद हुनेहरू मध्ये भद्रीय नगरका भद्रीय सेठका छोरा भद्रीय कुमार पनि हुन्। (जा. अ. क. I–II पृ. ५९९: महापनाद जातकं, जा. नं. २६४) वाराणसी सेठका छोरा यशपुत्र पनि हुन्। (महा. व. पा. पृ. १८: पब्बज्जाकथा, महाखन्धकं; बु. श्रावि.च.–१ पृ.६११: यशोधरा स्थविरा।) अन्तमा आफू नै प्रव्रजित हुने निर्णय गर्ने अनुरुद्ध शाक्यले आमाकहाँ गई अनुमति माग्दा उनले यदि भद्रीय शाक्य पनि प्रव्रजित हुन्छन् भने तिमी पनि उनीसँगै प्रव्रजित होऊ भनिन्। (बु. रा.–३ पृ. १६४-६५; धम्म. प. अ. क. पृ. ८३–८४: देवदत्तवत्थु–१२, यमकवग्गो; चुल्ल. व. पा. पृ. २८०: छसक्यपब्बज्जाकथा, संघभेदक्खन्धकं; नेवारी. धम्म.

प. अ. क. भा.-१ पृ. १८८: देवदत्तया खँ-१२)

त्यसपछि प्रव्रजित हुनको निमित्त अनुप्रियवनमा जान लाग्दा यिनीहरू जम्मा छः जना भए- भद्रीय शाक्य, अनुरुद्ध शाक्य, आनन्द शाक्य, भगु शाक्य, किमिल शाक्य र देवदत्त शाक्य । यस बाहेक उनीहरूको नाऊ उपाली पनि साथमा थियो । (बु. रा.-२ पृ. १६६; चुल्ल. व. पा. पृ. २८१: छसक्यपव्वज्जाकथा, संघभेदक्खन्धकं; धम्म. प. अ. क. पृ. ८५-८६: देवदत्तवत्थु-१२, यमकवग्गो; नेवारो. धम्म. प. अ. क. भा.-१ पृ. १८८; बु. श्रावि. च.-१ पृ. ५८३)

जब अनुप्रिय आम्रवन नजिक आइपुग्न लाग्यो तब यिनीहरूले आफ्ना राजसी पोसाक फुकाली उपाली नाऊलाई दिई "घरमा पु-याइदेऊ" भनी भने । उपाली नाऊले सोच्यो कि यी शाक्यहरू क्रोधी हुन्छन् । अतः यिनीहरूका पोसाक घरमा पु-याउँदा शायद उनीहरूले मलाई "तिमीले शाक्य कुमारहरूलाई मा-यौ होला, भनी शंका गर्न सक्दछन् । अथवा अरू कुनै दोष लगाई मलाई केही गर्न सक्छन् । यी शाक्यहरू प्रव्रजित हुन सक्छन् भने म मात्र किन नसक्नु !" भन्ने ठानी पोसाकको पोको एक रुखमा झुण्ड्याई आफू पनि अनुप्रिय वनमा गयो ।

जब शाक्य कुमारहरूले उपाली नाऊलाई देखे तब उनीहरूले "भन्ते ! हामी शाक्यजातिहरू बडो घमण्डी र अभिमानी हुन्छौं । अतः उपाली नाऊलाई पहिले प्रव्रजित

गर्नु भई पछि हामीहरूलाई गर्नुहोस् । ता कि हामीले उनलाई ढोग्दा हाम्रो अभिमान घट्ने छ" भनी विन्ति गरे। भगवान्ले पनि त्यसै गर्नुभयो । छ नै जना शाक्यहरूले उपाली भिक्षुलाई ढोगेपछि उनीहरू प्रव्रजित भए। (बु. रा.–२ पृ. १६६; बु. श्रावि. च.–१ पृ. ५८३; चुल्ल. व. पा. पृ. २८१: छसक्यपब्बज्जाकथा, संघभेदक्खन्धकं; धम्म. प. अ. क. पृ. ८५–८६: देवदत्तवत्थु-१२, यमकवग्गो; नेवारी धम्म. प. अ. क. भा–१ पृ. १८९; देवदत्तया खँ–१२; बु. गृ.–१ पृ. २१०; बु. गृ.–२ पृ. ६०; धम्म. प. अ. क. पृ. ७९०: सुमनसामणेर वत्थु, भिक्खुवग्गो–२५)

त्यस बखत कपिलवस्तुको शाक्यकुलमा **नन्दि** भन्ने एक शाक्यकुमार जन्मेका थिए । अनुरुद्धादि शाक्यहरू प्रव्रजित भएको देखेर यिनी पनि भगवान् कहाँ गई प्रव्रजित भए। त्यसपछि विपश्यना भावना बढाई केही दिन नबित्दै अरहत् भए। (थेर. गा. अ. क.II पृ. ११७: नन्दियत्थेरगाथा वण्णना; बु. गृ.–२. पृ. ४३५; बु. प.–२ पृ. १२३)

पाचीनवंसदायमा

अर्को एक समय आयुष्मान् अनुरुद्ध, आयुष्मान् नन्दीय र आयुष्मान् किम्बिल कौशम्बीको **पाचीनवंसदाय** भन्ने वनमा बसिरहनु भएको थियो । त्यसबखत **कौशम्बीमा** केही भिक्षुहरू परस्पर मुख छाडी झगडा गर्ने गर्दथे। भगवान्ले दुइ तीन पटक सम्झाउँदा पनि उनीहरूले सम्झेनन् । उल्टो

भगवान्लाई "तपाइँ चुप लागेर आफ्नो दृष्टधर्मसुखानुभव गरी बस्नुहोस् ! जो हुनुपर्ने हो त्यो हामी नै बेहोर्नेछौं" भनी भनेपछि आफ्ना आसनहरू पट्याएर राखी एक्लै घोषितारामबाट भगवान् निस्कनु भई बालकलोणकार गाउँमा गई त्यहाँबाट आयुष्मान् अनुरुद्धहरू बसिरहेका पाचीनवंसदाय भन्ने वनमा जानु भयो । अनि उनीहरूलाई उपदेश दिइसकेपछि पारिलेय्य (पालिलेय्य) वनमा जानु भयो । (म. नि. III पृ. २२१–२३: उपक्किलेससुत्तं; बु. गृ.-२ पृ. ४३५; बु. प.–२ पृ. १२३, ३८३; महा. व. पा. पृ. ३८१: पाचिनवंसदायगमन कथा, कोसम्बकक्खन्धकं)

अर्को एक समय भगवान् नादिक भन्ने गाउँका गिञ्जकावसथ भन्ने एक आवास घरमा बसिरहनु भएको थियो । त्यसबखत आयुष्मान् अनुरुद्ध, आयुष्मान् नन्दिय र आयुष्मान् किम्बिल गोसिंग शालवनमा बसेका थिए । अनि भगवान् नादिकबाट गोसिंग शालवनमा जानुभयो । (म. नि. I पृ. २५६: चूलगोसिंगसुत्तं; बु. प.–२ पृ. १२३) अनि त्यसबखत त्यहाँ दीघ पराजनो भन्ने देवराजा आई "भन्ते ! वृजीहरूको ठूलो लाभ हो, जहाँ कि भगवान् र आयुष्मान् अनुरुद्धादि बस्नुभएको छ" भनी साधुवाद दिए । (म. नि. I पृ. २६१: चूलगोसिंगसुत्तं; बु. ब्र.–२ पृ. ६) यो सुनेर चातुर्महाराजिक देवताहरूले पनि साधुकार दिए । (बु. ब्र.–२ पृ. ६)

अरहत्व लाभ

अनुरुद्ध स्थविरले सोही वर्षावासभित्र दिव्यचक्षुज्ञान लाभगर्नु भयो। (थेर. गा. अ. क. II पृ. ३९७; अनुरुद्ध-त्थेरगाथा वण्णना; अप. दा. अ. क. पृ. २२७: अनुरुद्धत्थेरा-पदानट्ठकथा) त्यसपछि वहाँलाई सारिपुत्र स्थविरले दुतिय अनुरुद्ध सूत्रको उपदेश दिनुभयो। (जसको अनुवाद बु. श्रा. च.–४ पृ. २२ मा भएको छ।) वहाँको उपदेशलाई मनन गरी चेतिय देशको पाचीनवंसदाय भन्ने वनमा ध्यानभावना गरिरहेको बेलामा वहाँको मनमा सप्तमहापुरुषको वितर्कना भयो। (थेर. गा. अ. क. II पृ. ३९७: अनुरुद्धत्थेरगाथा वण्णना; अप.दा. अ. क. पृ. २२७: अनुरुद्धत्थेरापदानट्ठकथा) अनि भर्ग देशको सुंसुमारगिरिको भेसकला वनमा बसिरहनु भएका भगवान्ले यो कुरा बुझी त्यहाँबाट आकाशमार्गद्वारा आई "अनुरुद्ध! तिमीले विचार गरिरहेको विषयमा एक अर्को कारण थपी आठवटा विषय बनाई विचार गर्नुपर्छ। त्यसो गरेमा तिम्रो कल्याण हुनेछ" भनी अं. नि.–८ पृ. ३३० मा उल्लिखित अनुरुद्धमहावितक्कसुत्तको कुरा सुनाई महाआर्यवंश प्रतिपदाको पनि उपदेश गर्नुभयो। (महाआर्य-वंश प्रतिपदा भनेको कस्तो हो भन्ने कुरा बु. गृ.–३ पृ. १२९; बु. श्रा. च.–३ पृ. १६३; बु. श्रा. च.–६ पृ. १८८; अं. नि.–४ पृ. ३०: अरियवंससुत्तमा उल्लेख भएका छन्।) यो उपदेश सुनी विपश्यना भावना बढाई उही वर्षभित्र

वहाँले अरहत्व प्राप्त गर्नुभयो। (अं. नि.–८ पृ. ३३६: अनुरुद्धमहावितक्कसुत्तं; बु. श्रा. च.–५ पृ. ७२, १३२) त्यसैले अप. दा. अ. क. पृ. २२७ मा यस्तो उल्लेख भएको हो–

"मय्हं सङ्कप्पमञ्ञाय सत्था लोके अनुत्तरो।
मनोमयेन कायेन इद्धिया उपसंकमि॥

"यथा मे अहु सङ्कप्पो ततो उत्तरि देसयि।
निप्पपञ्चरतो बुद्धो निप्पपञ्चं अदेसयि॥

"तस्साहं धम्ममञ्ञाय विहासिं सासने रतो।
तिस्सो विज्जा अनुप्पत्तो कतं बुद्धस्स सासनं॥"

अर्थ–

अनुत्तर हुनु भएका बुद्धले मेरो मनको वितर्कनालाई बुझ्नु भई मनोमय ऋद्धिद्वारा वहाँ म कहाँ आउनु भयो।

"जो मेरो मनमा संकल्प भइरहेको थियो त्यो भन्दा अरू कुरा थप्नु भई निष्प्रपञ्च हुनुभएका बुद्धले निष्प्रपञ्चको कुरा बताउनु भयो।

"अनि त्यो धर्मलाई अववोध गरी शासनमा तल्लीन भई त्रिविद्या प्राप्तगरी बुद्धशासनमा गर्नुपर्ने काम जम्मै पूरा गरी वसें।"

पांसुकूल चीवर

भगवान् एक समय राजगृहमा वसिरहनु भएको वेलामा आयुष्मान् अनुरुद्धको चीवर पुरानो भइसकेको हुंदा

राजगृहको बाटोमा घुम्दै कतै फालि राखेको कपडा पाउन सकूँला कि भन्ने मनमा लिई वहाँ कपडा खोज्दै हिंडिरहनु भएको थियो । त्यसबखत– यस भन्दा तीन जन्म अगाडि वहाँकी पत्नी भएकी– जो अहिले त्रयस्त्रिंश देवलोकमा छिन्– उनले यो कुरा जानी "त्यसै गएर कपडा देऊँ भने वहाँले लिनु हुने छैन । अतः कुनै फोहर ठाउँमा राखिदिनुपर्‍यो" भनी ती जालिनी भन्ने देवपुत्रीले १३हात लामो र ४ हात चौडाइ भएका तीन टुक्रा कपडा फोहरले पुरी कपडाको केही भाग देखिने गरी वहाँ आइरहनु भएको बाटामा राखिदिइन् । त्यो कपडाको केही भाग देखी वहाँले कपडा तानेर झिक्दा १३ हाते तीन टुक्रा कपडा भेट्टाउनु भयो । सो लगी वहाँले चीवर सिउनु भयो । भनिन्छ कि त्यो चीवर सिउने बेलामा भगवान् सहित महाकश्यपादि ५०० जति भिक्षुहरू शालामा भेला भएका थिए । चीवर सिउँदा महाकश्यप स्थविर मुनितिर, सारिपुत्र स्थविर बीचमा र आनन्द स्थविर माथितिर हुनुहुन्थ्यो । (धम्म. प. अ. क. पृ. ३७१: अनुरुद्धत्थेर वत्थु, अरहन्तवर्ग–७; बु. श्रा. च.–६ पृ. ९५)

देवपुत्रीहरू

एक समय आयुष्मान् अनुरुद्ध कोशल देशको कुनै एक वनमा बस्नु भएको थियो । त्यसबखत त्यहाँ त्रयस्त्रिंश

देवलोकवासी जालिनी भन्ने देवपुत्री जो अघिल्लो जन्ममा वहाँकी अग्रमहिषी थिइन्– आई "आउनुहोस् देवलोकमा बस्नुहोस्" भनी भन्दा स्थविरले "ती सबै अनित्य हुन्, दु:खको घर हो। अब ममा पुनर्जन्मको कुनै हेतु छैन" भनी भन्नु भएपछि देवपुत्री उहीं अन्तरधान भइन्। (सं. नि. I २०१: अनुरुद्धसुत्तं, वनसंयुत्तं।)

एक समय आयुष्मान् अनुरुद्ध कौशम्बीको घोषितारामा दिवा विहारको लागि ध्यानमा वस्नुभएको थियो। त्यसबखत दिनको समयमा **मनापकायिका देवपुत्रीहरू** आयुष्मान् अनुरुद्ध कहाँ आई अभिवादन गरी एक छेउमा उभिई "भन्ते! हामी मनापकायिका देवपुत्रीहरू ह्वौं। हामीले तीन कुरालाई वशमा राख्न सक्छौं। जस्तो वर्ण चाहन्छौं त्यस्तो वर्ण बनाउन सक्छौं; जस्तो स्वर चाहन्छौं त्यस्तो स्वर वनाउन सक्छौं र जस्तो सुख चाहन्छौं त्यस्तो पाउन सक्छौं।"

यो सुनेर आयुष्मान् अनुरुद्धको मनमा यस्तो लाग्यो– "यदि यिनीहरू नीला भए कस्ता हुन्थे; पहेँला भए कस्ता हुन्थे; राता भए कस्ता हुन्थे।" वहाँको मनको कुरा बुझी तिनीहरूले त्यस्तै रूप धारण गरी केही नाच्न थाले, केही बाजा वजाउन थाले र केही गाउन थाले। अनि आयुष्मान् अनुरुद्ध आँखा चिम्ली इन्द्रिय संयमगरी वस्नुभयो। अनि "आयुष्मान् अनुरुद्धले हामीहरूका नाचगानमा कुनै चाख लिनु हुन्न" भन्ने ठानी ती देवपुत्रीहरू उहीं अन्तरधान भए।

त्यसपछि आयुष्मान् अनुरुद्ध भगवान् कहाँ गई "भन्ते ! कति कारणले स्त्रीहरू **मनापकायिका देवताहरू** हुन्छन् ?" भनी सोध्दा भगवान्ले "(१) आफूले मान्नुपर्ने प्रति हितैषी हुन्छन्, (२) आमा बाबु श्रमण-ब्राह्मणहरूलाई आदर सत्कार गर्छन्, (३) आफ्नो भित्री कामकाज राम्ररी संपादन गर्छन्, (४) आफ्ना भित्रका नोकरचाकरहरूले गरे नगरेका कामहरू राम्ररी जान्दछन्, (५) आम्दानी भएका धन सम्पत्तीलाई राम्ररी संरक्षण गर्छन्, त्यसमा लोभलालच गरी चोरी गर्दैनन्, (६) बुद्ध, धर्म र संघको शरणमा जान्छन्, (७) प्राणी घात नगरी राम्ररी पञ्चशील पालन गर्छन् र (८) लोभी र कंजूस नभई त्यागी हुन्छन् । अनुरुद्ध! यी आठ कारणहरूबाट **मनापकायिका देवलोकमा** उत्पन्न हुन्छन्" भनी भन्नुभयो ।

यी देवपुत्रीहरू अघिल्ला एक जन्ममा आयुष्मान् अनुरुद्ध चक्रवर्ती राजाभइरहेको बेलामा उनको अति बुद्धिलाई राम्ररी पालन गरी बसेका थिए । त्यसैले वहाँ भिक्षु भएको जानेर वहाँलाई "हेर्न जाऔं" भनी उनीहरू आएका हुन् भनी अर्थकथाहरूले उल्लेख गरेका छन् । (अं. नि.-८ पृ. ३५८: अनुरुद्ध सुत्त ; अ. क. II पृ. ७७२)

एकसमय भगवान् श्रावस्तीको जेतवनाराममा वसिरहनु भएको थियो । त्यसबखत आयुष्मान् अनुरुद्ध श्रावस्तीमा जानको लागि कोशल जनपदमा चारिका गर्दै संध्या सम-

यमा एक गाउँमा पुग्नुभयो। त्यस गाउँमा एउटी स्त्रीले यात्रीहरू बासवस्ने एक घर वनाइराखेकी थिइन्। अनि आयुष्मान् अनुरुद्ध सो स्त्रीकहाँ गई "यदि अनुमति दिन्छयौ भने आज एक रात तिम्रो आवासथ घरमा बस्नेछु" भनी भन्नुभयो। ती स्त्रीले केही आपत्ति छैन बस्नुहोस् भनी भनिन्।

त्यसपछि अरू पनि यात्रीहरू आई सो स्थानमा वस्ने अनुमति मागे। स्त्री भन्छिन्– "त्यहाँ एक भिक्षु आई बसिसकेका छन्। यदि उनलाई बाधा हुन्न भने वस्न सक्छौ। उनीहरू गई वहाँसँग सोधे। स्थविरले हुन्छ बस भनी भन्नुभयो।

अनुरुद्ध स्थविरलाई देख्ने बित्तिकै उक्त स्त्री वहाँमाथि आसक्ता भइसकेकी थिइन्। अनि आवासथागारमा गई हेर्दा स्थविर अरू मानिसहरूका साथ बसिरहनु भएको उनले देखिन्। अनि "भन्ते ! तपाईंलाई यहाँ मानिसहरूसँग वस्दा असुविधा हुन सक्छ। भित्र एकान्त कोठामा खाट राखिदिने छु, त्यहाँ बस्नुहोस्" भनी उनले भनिन्। स्थविरले स्वीकार्नु भयो।

रात परेपछि राम्रा राम्रा लुगा लगाई शरीरमा सुगन्धित लेप लगाई सो स्त्री स्थविर भएको कोठामा गइन्। अनि उनी भन्छिन्– "भन्ते ! तपाईं पनि सुन्दर हुनुहुन्छ म पनि सुन्दरी छु। म तपाईंकी प्रजापति हुन चाहन्छु।" यस्तो भन्दा स्थविर चूपलागेर बस्नुभयो। दोस्रो पटक पनि

तेस्रो पटक पनि त्यसै भनिन् । स्थविर चूपलागेर नै बस्नु भयो । अनि सो स्त्री लुगा फुकाली स्थविरको अगाडि यता उता गर्न थालिन्, डुलिन्, बसिन् र लेट्न पनि लेटिन् । स्थविर निहुरिई चूपलागेर बसिरहनु भयो । "भन्ते ! मलाई तपाईंकी भार्या बनाउनुहोस् र मेरो सम्पत्ति पनि सबै लिनुहोस्" भनिन् । स्थविर चाहिं केही नबोली चूपलागेर नै बस्नु भयो ।

"अहो आश्चर्य ! मलाई लिन कैयौं मानिसहरू आउँछन् । यिनी चाहिँ मैले स्वयं दिंदा पनि न त मलाई स्वीकार्छन्, न त मेरो सम्पत्ति नै लिने इच्छा गर्छन् । अहो आश्चर्य !"

यति सोची वस्त्र लगाई स्थविरको पाउमा ढोगी "भन्ते ! मूर्खले गर्ने झैं जे जस्तो काम कुरा मैले गरें वा भनें त्यसको लागि मलाई क्षमा गर्नुहोस् । म आफ्नो दोष अपराधलाई दोष हो भनी स्वीकार्छु । मलाई क्षमा दिनुहोस्" भनी भनिन् ।

अनि आयुष्मान् अनुरुद्धले "भगिनी ! जसले आफ्नो दोष र अपराधलाई दोष हो अपराध हो भनी स्वीकार्छ र भविष्यको लागि संयम गर्ने प्रतिज्ञा गर्छ भने आर्यहरूको धर्म विनय अनुसार उसको अभिवृद्धि नै हुन्छ" भनी भन्नुभयो ।

भोलिपल्ट बिहान सो स्त्रीले प्रणीताकारले भोजन तयार पारी स्थविरलाई अर्पण गरिन् । स्थविरले धर्मकथा

सुनाउनु भयो । अनि उनी भन्दछिन् - "भन्ते ! जस्तो घोप्टेकोलाई उत्तानो पारिदिने हो, बाटो भुलेकोलाई बाटो देखाइदिने हो र अँध्यारोमा बत्ती राखिदिने हो त्यस्तै तपाइंले मलाई उपकार गर्नुभयो ।" यति प्रसन्नता व्यक्त गरी त्रिशरणमा गई आजीवन उपासिका हुने उनले प्रतिज्ञा गरिन्।

त्यसपछि श्रावस्तीमा गई ज़ेतवनारामका भिक्षुहरूलाई आयुष्मान् अनुरुद्धले यो कुरा सुनाउनु भयो । यो सुनेर केही लज्जालु तथा शंकालु भिक्षुहरू कराउन थाले कि कसरी **आयुष्मान् अनुरुद्धले** कोठामा एक्लै स्त्रीसँग रात बिताउनु भएको ! यो कुरा भगवान्लाई पनि सुनाए । अनि भगवान्ले भिक्षुहरू भेलागरी आयुष्मान् अनुरुद्धसंग "यो कुरा साँच्चै हो के ?" भनी सोध्नु हुंदा वहाँले "साँच्चै हो" भनी भन्नु भएपछि स्थविरलाई निन्दागरी समयोचित उपदेश गरी "यदि कुनै भिक्षु आइमाई भएको कोठामा एक्लै रात विताउँछ भने उसलाई पचित्तिय दोष लाग्छ" भनी भन्नु भयो । (पाचि. पा. पृ. ३१: छट्ठपाचित्तियं, पाचित्तियकण्डं; परि. वा. पा. पृ. २३: पाचित्तियानि, भिक्खुविभंग)

सुगति र दुर्गति

एक समय आयुष्मान् अनुरुद्धले भगवान् कहाँ गई यसो भन्नुभयो- "भन्ते ! म दिव्यचक्षुद्वारा अपाय दुर्गतिमा गएका आइमाईहरूलाई देख्दछु । भन्ते ! कतिकारणले तिनी-

हरू अपाय दुर्गतिमा गएका हुन् ?"

"अनुरुद्ध ! पाँच (५) कारणले आइमाईहरू अपाय दुर्गतिमा जान्छन् । कुन् पाँच भने-(१)अश्रद्धालुनी हुन्छन्, (२) निर्लज्जिनी हुन्छन् (३) पाप देखेर डराउँदैनन्, (४) क्रोधिनी हुन्छन् र (५) निर्बुद्धिनी हुन्छन् ।" (सं. नि.-३ पृ. २१३: कोधसुत्तं, मातुगामसंयुत्तं)

फेरि अर्कोपटक आयुष्मान् अनुरुद्धले भगवान्संग कति कारणले आइमाईहरू अपाय दुर्गतिमा जान्छन् भनी सोध्नुभयो । भगवान्ले पाँच कारणले भनी भन्नुभयो । (१) अश्रद्धालुनी हुन्छन्,(२) निर्लज्जिनी हुन्छन्, (३) पाप देखेर डराउंदैनन्, (४) वैरभाव राख्ने र (५)निर्बुद्धिनी हुन्छन् । (सं. नि.-३ पृ. २१४: उपनाहिसुत्तं, मातुगामसयुत्तं)

फेरि अर्कोपटक वहाँले यस्तै प्रश्न भगवान्सँग सोध्नु हुँदा वहाँले पनि पाँचै कारण बताउनुभयो । (१)अश्रद्धालुनी हुन्छन्, (२) निर्लज्जिनी हुन्छन्, (३) पाप देखेर डराउँदैनन्, (४) ईर्ष्यालुनी हुन्छन् र (५) निर्बुद्धिनी हुन्छन् । (सं. नि.-३ पृ. ३१४; इस्सुकीसुत्तं, मातुगामसंयुत्तं)

फेरि अर्कोपटक अनुरुद्ध स्थविरले भगवान्सँग त्यस्तै प्रश्न सोध्नु भयो । भगवान्ले पनि पाँच कारणले नै अपाय दुर्गतिमा जाने कुरा बताउनु भयो । (१)अश्रद्धालुनी हुन्छन्, (२) निर्लज्जिनी हुन्छन्, (३) पापदेखि डराउँदैनन्, (४)

कंजूसिनी हुन्छन् र (५) निर्बुद्धिनी हुन्छन् । (सं. नि.–३ पृ. २१४: मच्छरीसुत्तं, मातुगामसंयुत्तं)

अर्को पनि एक समय आयुष्मान् अनुरुद्धले भगवान्-सँग कति कारणले आइमाईहरू अपाय दुर्गति जान्छन् भनी सोध्नु हुँदा भगवान्ले पाँचै कारण बताउनु भयो । (१) अश्रद्धालुनी हुन्छन्, (२) निर्लज्जिनी हुन्छन्, (३) पाप देखेर डराउँदैनन्, (४) व्यभिचारिणी हुन्छन्, र (५) निर्बुद्धिनी हुन्छन् । (सं. नि.–३ पृ. २१५: अतिचारिसुत्तं, मातुगामसंसुत्तं)

अर्को पनि एकपटक यस्तै कुरा सोधदा भगवान्ले पाँचै कारणको कुरा बताउनु भयो । (१) अश्रद्धालुनी हुन्छन्, (२) निर्लज्जिनी हुन्छन्, (३) पाप देखेर डराउँदैनन्, (४) दुश्शीलिनी हुन्छन् र (५) निर्बुद्धिनी हुन्छन् । (सं. नि–३ पृ. २१५: दुस्सीलसुत्तं, मातुगामसंयुत्तं)

फेरि अर्कोपटक त्यस्तै प्रश्न सोधदा भगवान्ले पाँचै कारणको कुरा बताउनु भयो । (४) दुश्शीलको ठाउँमा अल्पश्रुति भन्नु भयो । (सं. नि.–३. पृ. २१५: अप्पस्सुत-सुत्तं, मातुगामसंयुत्तं)

फेरि अर्कोपटक सोधदा भगवान्ले (४) अल्पश्रुतिको ठाउँमा अल्छी राखी पाँचै कारण बताउनु भयो । (सं. नि.–३ पृ. २१५: कुसीतसुत्तं, मातुगामसंयुत्तं)

फेरि अर्कोपटक यस्तो प्रश्न सोधदा (४) अल्छीको ठाउँमा स्मृतिहीन भनी भन्नुभयो । (सं. नि.–३ पृ. २१५:

मुट्ठस्सतिसुत्तं, मातुगामसंयुत्तं)

अर्को समय आयुष्मान् अनुरुद्धले भगवान्सँग "आइमाईहरू कति कारणले अपाय दुर्गतिमा जान्छन् भनी सोधदा भगवान्ले यसो भन्नुभयो– (१) प्राणीघात गर्नाले, (२) चोरी गर्नाले, (३) व्यभिचार गर्नाले, (४) भूठो बोल्नाले र (५) मद्यपान गर्नाले। (सं. नि.–३ पृ. २१६: पञ्चवेदसुत्तं, मातुगामसंयुत्तं)

अनि भगवान्कहाँ गई वन्दना गरी आयुष्मान् अनुरुद्धले भगवान्लाई यस्तो भन्नुभयो– "भन्ते ! म दिव्यचक्षुद्वारा सुगति स्वर्गलोकमा गएका आइमाईहरूलाई देख्दछु। भन्ते ! कति कारणले आइमाईहरू सुगति स्वर्गलोकमा जान्छन् ?"

"अनुरुद्ध ! पाँच कारणले आइमाईहरू सुगति स्वर्गलोकमा जान्छन्। कुन पाँच भने– (१) श्रद्धालु हुन्छन्, (२) लज्जाशील हुन्छन्, (३) पापदेखि डराउँछन्, (४) अक्रोधिनी हुन्छन् र (५) प्रज्ञावान् हुन्छन्। यी नै पाँच कारणले आइमाईहरू सुगति स्वर्गलोकमा जान्छन्।" (सं. नि.–३ पृ. २१६: अक्कोधनसुत्तं, मातुगामसंयुत्तं)

"अनुरुद्ध ! अरू पनि पाँच कारणले आइमाईहरू सुगति स्वर्गलोकमा उत्पन्न हुन्छन्। कुन पाँच भने– (१) श्रद्धालु हुन्छन्, (२) लज्जालु हुन्छन्, (३) पाप देखेर

डराउँछन्, (४) वैरभाव गर्दैनन् र (५) प्रज्ञावान् हुन्छन् । यी नै पाँच कारणले आइमाईहरू सुगति स्वर्गलोकमा उत्पन्न हुन्छन् ।" (सं. नि.–३ पृ. २१७: अनुपनाहीसुत्तं, मातुगाम-संयुत्तं)

"अनुरुद्ध ! अर्को पनि पाँच कारणले आइमाईहरू सुगति स्वर्गलोकमा उत्पन्न हुन्छन् । जस्तै– (१) श्रद्धालु हुन्छन्, (२) लज्जालु हुन्छन्, (३) पाप देखेर डराउँछन्, (४) ईर्ष्यालु हुन्नन् र (५) प्रज्ञावान् हुन्छन् । यी नै पाँच कारणले आइमाईहरू सुगति स्वर्गलोकमा उत्पन्न हुन्छन् ।" (सं. नि.–३ पृ. २१७: अनिस्सुकीसुत्तं मातुगामसंयुत्तं)

"अनुरुद्ध ! अर्कोपनि पाँच कारणले आइमाईहरू सुगति स्वर्गलोकमा उत्पन्न हुन्छन्– स्मृतिवान् र प्रज्ञावान् हुनाले ।" (सं. नि.–३ पृ. २१८: उपट्ठितस्सतिसुत्तं, मातुगाम-संयुत्तं)

"अनुरुद्ध ! अरू पनि पाँच कारणले आइमाईहरू सुगति स्वर्गलोकमा उत्पन्न हुन्छन् । कुन पाँच भने– (१) प्राणीघात नगर्नाले, (२) चोरी नगर्नाले, (३) व्यभिचार नगर्नाले, (४) भूठो कुरा नगर्नाले र (५) मद्यपान नगर्नाले ।" (सं. नि.–३ पृ. २१८: पञ्चसीलसुत्तं, मातुगामसंयुत्तं)

गोसिंगशालवनमा

एकदिन वृजी [वज्जो] राज्यको राजधानी वैशालीको आसपासमा पर्ने **गोसिंगशालवनमा** भगवान् बुद्ध ३० हजार ख्याति प्राप्त भिक्षुहरूका साथ बसिरहनु भएको थियो। (पपं. सू. II पृ. २०६: महागोसिंगसुत्तवण्णना) त्यस वखत त्यस वनमा आयुष्मान् सारिपुत्र, महामौद्गल्यायन, महाकश्यप, अनुरुद्ध, रेवत (खदिरवनीय) र आनन्द स्थविरहरू पनि थिए। (म. नि. I पृ. २६३: महागोसिंगसुत्तं ; बु. श्रा. च-३ पृ. ६२)

अनि एक उपोसथको दिन उक्त छःनै प्रभावशाली स्थविरहरूको बीचमा "यस्तो रमणीय वनमा कस्ता भिक्षुहरू बसेमा' शोभायमान हुने थियो होला" भन्ने विषयमा परस्पर कुरा उठ्दा आयुष्मान् **आनन्दले** 'बहुश्रुत तथा धर्मधरहरू बसेमा' भनी भन्नुभयो। आयुष्मान् रेवतले 'ध्यानी तथा ध्यानमा तल्लीन हुन सक्नेहरू बसेमा' भनी भन्नुमयो। आयुष्मान् अनुरुद्धले 'दिव्यचक्षुलाभीहरू बसेमा, भनी भन्नुभयो। आयुष्मान् महाकश्यपले 'धुतांगधारी धुतवादीहरू बसेमा' भनी भन्नुभयो। आयुष्मान् महाभौद्गल्यायनले 'परस्पर अभिधर्मको विषयमा छलफल गर्नेहरू बसेमा' भनी भन्नुभयो। आयुष्मान् सारिपुत्रले 'चित्तको वशमा नबसी चित्तलाई आफ्नो वशमा राखी जुन जुन ध्यानमा बस्न चाहन्छन् ती ती ध्यानमा

वस्न सक्नेहरू वसेमा' शोभायमान हुने थियो भनी भन्नुभयो।

जब यी सबै छवटै महाप्रभावशाली स्थविरहरूले आ-आफ्ना विचार प्रकट गरे तब आयुष्मान् सारिपुत्रले "हामीले आ-आफ्ना विचार प्रकट गरिसक्यौं । अब हाम्रा शास्ताकहाँ गएर यो कुरा सुनाऔं" भनी भन्नु भएपछि छःनै जना भगवान् कहाँ गई आफूहरूको वीचमा भएका कुरा निवेदन गर्नुभयो । यसो पनि सोध्नुभयो- "भन्ते ! हामीहरूका कुराहरू मध्ये कसको कुरा शुभासित छ ?" भगवान्ले "पर्याय रूपले सबैका कुरा शुभाषित नै छन्" भनी भन्नुभयो- "सारिपुत्र! अब मेरो पनि केही कुरा सुन । जुन भिक्षुद्वारा गोसिंगशालवन शोभायमान हुने हो । सारिपुत्र ! जो भिक्षु भोजनोप्रान्त पलेटीमारी बसी शरीरलाई सीधापारी मुख अगाडि स्मृति राखी 'तवसम्म यो पलेटीमारी वस्नछोड्ने छैन जबसम्म उपादान रहित आस्रवबाट चित्त विमुक्त हुनेछैन' भनी प्रतिज्ञा गर्छ । सारिपुत्र ! यस्ता भिक्षुद्वारा गोसिंगशालवन शोभायमान हुन्छ।" (म. नि.–I पृ. २६३ः महागोसिंगसुत्तं ; यसको अनुवाद बु. श्रा. च.–३ पृ. ६२ र बु. श्रा. च.–६ पृ. २८४ मा भएको छ ।)

माथि जुन प्रश्न सोधियो र उत्तर दिइयो त्यो कान्छो देखि प्रश्न सोध्न थालिएको र उत्तर दिइएको थियो भनी पपं. सू. II पृ. २०६ः महागोसिंगसुत्तवण्णनाले उल्लेख गरेको छ । तर यो जेठो कान्छोको क्रम उमेरको हिसावले

मात्र नभई अग्रस्थान प्राप्ति र गुणको हिसाबले पनि हो भन्ने कुरा बुझ्न सक्नुपर्छ । (बु. श्रा. च.–५ पृ. १२४)

राजगृहमा

राजगृहमा एक गृहपति थिए । उनको घरमा दिनहुँ भैं थुल्लनन्दा भिक्षुणी भोजनको लागि जान्थिन् । उनी त्यस कुलको कुलूपिका थिइन् ।

एकदिन गृहपतिले सारिपुत्र, महामौद्गल्यायन, महाकश्यप, महाकोट्ठिक, महाकप्पिन, महाचुन्द, अनुरुद्ध, रेवत (खदिरवनीय), उपाली, आनन्द र राहुल स्थविरहरूलाई निम्त्याएका थिए ।

अनि थुल्लनन्दा भिक्षुणीले "गृहपति ! महानपुरुषहरू छाडेर किन यस्ता दास (चेतक) भिक्षुहरूलाई निम्त्याएका ह्वौ" भनी भन्दा गृहपतिले "आर्या ! ती को हुन् त ?" भनी सोध्दा उनी भन्छिन्– "देवदत्त, कोकालिक, कटमोदक तिस्स, खण्डदेवीका पुत्र तथा समुद्दत्त स्थविरहरू हुन् ।" यस्तो कुरा गर्दै थिए सारिपुत्र स्थविरहरू घरमा आइपुग्नुभयो । अनि उनले कुरा फेरि यसो भनिन् "गृहपति! तिमीले साँच्चै कै महापुरुषहरूलाई निम्त्यायौ ।" यो सुरने भरखरै तपाईंले वहाँहरूलाई 'दासहरू' भन्दै हुनुहुन्थ्यो अहिले फेरि 'महापुरुष' भनी भन्नुहुन्छ भनी थुल्लनन्दा भिक्षुणीलाई

घरबाट निकाली दिए। (पाचि. पा. पृ. ९६: ऊनतिंसतिम पाचित्तियं, पाचित्तियकण्डं; यसको अनुवाद बु. श्रा.–३ पृ. २८५ मा भएको छ।)

एक समय भगवान् राजगृहको गृद्धकूट पर्वतमा वसिरहनु भएको थियो।

त्यसबखत भगवान्‌भन्दा केही पर सारिपुत्र, महामौद्गल्यायन, महाकश्यप, अनुरुद्ध, पूर्णमन्त्राणिपुत्र, उपालि, आनन्द र देवदत्तादि स्थविरहरू आ–आफ्ना साथीहरूसँग चंक्रमण गर्दैथिए।

अनि भगवान्‌ले भिक्षुहरूलाई बोलाई "भिक्षुहो ! तिमीहरू देख्दछौ के सारिपुत्रादि भिक्षुहरू चंक्रमण गरिरहेका ?"

"भन्ते ! देख्दछौं।"

"भिक्षु हो ! जो सारिपुत्रसँग चंक्रमण गरिरहेका छन् ती सबै प्रज्ञावान्‌हरू हुन्। जो मौद्गल्यानसँग छन् ती सबै ऋद्धिवान्‌हरू हुन्। जो कश्यपसँग छन् ती सबै धुतांगधारीहरू हुन्। जो अनुरुद्धसँग छन् ती सबै दिव्यचक्षुलाभीहरू हुन्। जो पूर्णमन्त्राणि पुत्रसँग छन् ती सबै धर्मकथिकहरू हुन्। जो उपालीसँग छन् ती सबै विनयधरहरू हुन्। जो आनन्दसँग छन् ती सबै बहुश्रुतहरू हुन्। जो देवदत्तसंग छन् ती सबै कमसल विचारका हुन्। भिक्षुहो ! यी प्राणीहरू आ–आफ्ना स्वभाव हुनेहरूसँग (धातुसो) मिल्छन्" भनी

भन्नुभयो। (सं. नि. II पृ. १३२: चंकमसुत्तं; धातुसंयुत्तं; यसको अनुवाद बु. श्रा. च.-३ पृ. २८६ मा भएको छ।)

ब्रह्माको दृष्टि

त्यसबखत एक ब्रह्माको यस्तो विचार भएको थियो कि त्यस्ता श्रमण ब्राह्मणहरू छैनन् जो यहाँ आउन सक्छन्। यसलाई थाहापाई भगवान् तुरन्त सो ब्रह्माकहाँ गई उनको शीरमाथि आकाशमा पलेटिमारी समाधिष्ठ भई बस्नुभयो।

त्यसबेला आयुष्मान् अनुरुद्धले अहिले भगवान् कहाँ हुनुहुँदो रहेछ भनी विचार गर्दा ब्रह्मलोकमा भन्ने थाहापाई आफू पनि वहाँ भएको ठाउँमा गई भगवान्को उत्तरतिर आकाशमा समाधिष्ठ भई बस्नुभयो। (सं. नि. I पृ १४५: अञ्ञतर ब्रह्मसुत्तं, ब्रह्मसंयुत्तं; यसको अनुवाद बु. श्रा. च.-६ पृ. २४३ मा भएको छ।)

सोही ब्रह्माले एकदिन एक ब्रह्मालाई महामौद्‌गल्यायनकहाँ पठाई "तपाइँ मौद्‌गल्यायन, कश्यप तथा अनुरुद्ध जस्ता महान ऋद्धिसम्पन्न भिक्षुहरू भगवान्का अरू पनि छन् के?" भनी सोध्न पठाउँदा वहाँले–

"तेविज्जा इद्धिपत्ता च, चेतोपरियायकोविदा।
खीणासवा अरहन्ता, बहू बुद्धस्स सावका'ति॥"

भनी भन्नुभयो । अर्थात्- "त्रिविद्यालाभी, ऋद्धिवान्, परचित्त ज्ञान हुने, तथा क्षीणास्रवी अरहन्तहरू जस्ता बुद्धका श्रावकहरू घेरै छन् ।" (सं. नि. I पृ. १४७: अञ्ञतर ब्रह्मसुत्त, ब्रह्मसंयुत्त; बु. श्रा. च.-६ पृ. २४६)

सतिपट्ठान

एकदिन पञ्चकङ्ग थपति भन्ने प्रसेनजित् कोशल राजाका सिकर्मी नाइकेले अनुरुद्ध स्थविर सहित चारजना (४) भिक्षुहरूलाई निम्त्याएका थिए । स्थविर घरमा आइ-पुगेपछि भोजनोप्रान्त उनले स्थविरसँग 'अप्रमाण' भनेको के हो र 'महत्गत' भनेको केहो भन्ने प्रश्न गरेका थिए । जसको उत्तर म. नि. III पृ. २१२ मा उल्लिखित अनुरुद्धसुत्तमा उल्लेख भएको छ । यसको अनुवाद बु. गृ.-३ पृ. ३८ मा भएको छ ।

एक समय भगवान् कौशम्बीमा वस्नु भएको थियो । त्यसबखत बुद्धसहित भिक्षुसंघको ठूलो लाभसत्कार बढेको थियो । मानिसहरु सारिपुत्रादि महास्थविरहरू कहाँ हुनुहुन्छ? भनी खोज्न जान्थे । त्यसैगरी अनुरुद्ध महास्थविर कहाँ हुनु-हुन्छ ? भनी खोज्न जान्थे ।(बु. रा.-२ पृ. ८)वहाँले दिव्य-चक्षु लाभीहरूमध्ये अग्रस्थान प्राप्त गर्नु भएको थियो । (अं. नि.-१ पृ. २३; बु. श्रा. च.-१ पृ. २१; बु. श्रावि. च.-१ पृ. ४७०) पपं. सू. IV पृ. ५७ अनुपदसुत्तवण्णनामा अरू

अरू महास्थविरहरूको गुण वर्णन गरे जस्तै अनुरुद्ध स्थविर पनि दिव्यचक्षुलाभी हुन् भन्ने वर्णन गरेको पाइन्छ। (बु. श्रा. च.–५ पृ. १०४; बु. प.–३ पृ, २६८)

एकसमय आयुष्मान् सारिपुत्र, आयुष्मान् महामौद्गल्यायन र आयुष्मान् अनुरुद्ध साकेतको कण्डकी वनमा बस्नुभएको थियो। अनि आयुष्मान् सारिपुत्र र महामौद्गल्यायनहरू आयुष्मान् अनुरुद्धकहाँ गई "आवुसो। शैक्ष शैक्ष (सेखो सेखो) भनी भन्दछन् कस्तालाई 'शैक्ष' भन्दछन् ?" भनी सोध्नु भयो।

"चारै सतिपट्ठानलाई भाविता गरी तीन मार्गफलमा पुगेकालाई 'शैक्ष' भन्दछन्. . ." भनी आयुष्मान् अनुरुद्धले भन्नुभयो। (सं. नि. IV पृ. १५०: पदेससुत्तं, सतिपट्टानसंयुत्तं)

त्यसैगरी एक अर्को दिन आयुष्मान्हरू अनुरुद्धकहाँ गई वहाँहरूले "आवुसो ! अशैक्ष अशैक्ष (असेखो असेखो) भनी भन्दछन् कस्तालाई 'अशैक्ष' भन्दछन् ?" भनी सोध्दा वहाँले "चारै सतिपट्ठानलाई पूर्णरूपले भाविता गरी अरहन्त हुनेलाई 'अशैक्ष' भन्दछन्" भनी भन्नुभयो। (सं. नि. IV पृ. १५०: समत्तसुत्तं, सतिपट्ठानसंयुत्तं)

अर्को एकदिन आयुष्मान् सारिपुत्रले आयुष्मान् अनुरुद्धसँग "आवुसो ! कुन धर्मलाई भाविता र बहुलिकृत गर्दा अभिज्ञा लाभ हुन्छ ?" भनी सोध्नुभयो।

"यी नै चार सतिपट्ठानलाई पूर्णरूपले भाविता र वहुलिकृत गर्दा अभिज्ञा लाभ हुन्छ" भनी भन्नुभयो । (सं. नि. IV पृ. १५१: लोकसुत्तं, सतिपट्ठानसंयुत्तं)

एक समय आयुष्मान् अनुरुद्ध र आयुष्मान् सारिपुत्र वैशालीको **आम्रपाली वनमा** बस्नुभएको थियो । अनि आयुष्मान् सारिपुत्रले ध्यानबाट उठी बसिरहनु भएका आयुष्मान् अनुरुद्धलाई यस्तो भन्नु भयो– "आवुसो ! तपाइँको मुखवर्ण सारै प्रसन्न देखिन्छ कुन चाहिं ध्यानमा तपाइँ धेरै वस्नुहुन्छ !"

"आवुसो ! म चार सतिपट्ठानमा धेरै बस्छु" भनी भन्नुभयो । (सं. नि. IV पृ. २५७: अम्बपालिवनसुत्तं, अनुरुद्धसंयुत्तं; बु. म.–२ पृ. ६)

एकदिन आयुष्मान् अनुरुद्ध श्रावस्तीको जेतवनाराममा बस्नुभएको थियो । अनि वहाँले भिक्षुहरूलाई सम्बोधन गरी "आवुसो ! चार सतिपट्ठानको भाविता र बहुलिकृत गर्दा तृष्णाक्षय हुन सक्छ" भनी भन्नुभयो । (सं. नि. IV पृ. २५६: तण्हक्खयसुत्तं, अनुरुद्धसंयुत्तं)

एकदिन आयुष्मान् अनुरुद्ध श्रावस्तीमा बसिरहनुभएको थियो । त्यसबेला वहाँ रोगले पीडित हुनुहुन्थ्यो । अनि वहाँ कहाँ आई धेरै भिक्षुहरूले "आवुसो! कुन चाहिं ध्यानमा वस्दा शारीरिक वेदना र दुःखले तपाइँको मनलाई छुन सक्दैन ?" भनी सोधे ।

"आवुसो ! चार सतिपट्ठानमा तल्लीनभई बस्दा शारीरिक दुःख र वेदनाले मेरो चित्तलाई छुन सक्दैन" भनी भन्नु भयो । (सं. नि. IV पृ. २५८: बाल्हगिलानसुत्तं, अनुरुद्धसंयुत्तं)

एकदिन श्रावस्तीमा बसिरहनुभएका आयुष्यान् अनुरुद्धसँग भिक्षुहरूले यस्तो सोधे– "आवुसो ! कुन धर्मलाई भाविता र बहुलिकृत गरी तपाईंले अभिज्ञा प्राप्त गर्नु भएको ?"

"आवुसो ! चार सतिपट्ठानलाई भाविता र बहुलिकृत गरी मैले अभिज्ञा प्राप्त गरेको हुँ" भनी भन्नुभयो । (सं. नि. IV पृ. २५९: कप्पसहस्ससुत्तं, अनुरुद्धसंयुत्तं)

रोहिणी

अनुरुद्ध स्थविरकी रोहिणी भन्ने एउटी बहिनी भएको कुरामाथि सुरुमै उल्लेख गरेको छु ।

एकदिन अनुरुद्ध स्थविर कपिलवस्तुमा जानुहुँदा वहाँलाई भेट्न वहाँका धेरै नाताकुटुम्बहरू आए । तर वहाँकी बहिनी आइनन् । आफ्नी बहिनीलाई नदेखी सोधपूछगर्दा उनमा चर्मरोग भएको र मुख पनि कुरूप भएकोले लाजले नआएकी भन्ने सुनी स्थविरले उनलाई बोलाउन पठाउनु भयो । त्यस बखत भगवान् पनि कपिलवस्तुमै हुनुहुन्थ्यो ।

उनी आएपछि स्थविरले "किन तिमी नआएकी ?" भनी सोध्नुहुंदा रोहिणीले नआएको कारण बताइन् । अनि स्थविरले उनलाई तिमीले पुण्य गर्नुपर्छ भनी भन्नुभयो । "के पुण्य गरूँत ?" "एक आसनशाला बनाऊ" भनी स्थविरले भन्नुभयो । "कसरी बनाउने ?" "के तिम्रा आफ्ना गहनाहरू छैनन् ?" "छन्" "त्यसोभए ती गहना बेची बनाऊ ।" "कसले बनाइदेला र" भनी भनेपछि स्थविरले अगाडि बसिरहेका अरू नाताकुटुम्बहरूलाई बनाइदिन अऱ्हाउनु भयो । उनीहरूले दुइतले आसनशाला बनाइदिए । स्थविरले त्यो आसनशालामा दिनहुं बढार्ने काम र ठाउँ ठाउँमा पानी भरिराख्ने काम पनि रोहिणीलाई अऱ्हाउनु भयो ।

एकदिन बुद्धसहित भिक्षुसंघलाई भोजनदान दिए । भगवान्ले "यो कसको दान हो ?" भनी आयुष्मान् अनुरुद्धसँग सोध्दा वहाँले वहिनी **रोहिणी** को हो भनी भन्नुभयो । अनि भगवान्ले "उनी खोइ त ?" भनी सोध्नु हुँदा "उनी घरैमा छिन्" भनी भने । भगवान्ले उनलाई बोलाउन पठाउनु भयो । उनी आइन् । "किन तिमी दानकार्यमा न आएकी ?" भनी सोध्नु हुँदा–आफ्नो मुख र शरीरमा चर्मरोग भएको कारणले–भनी भनेपछि भगवान्ले "यो तिम्रो पहिलेको रीसको फल हो" भनी भन्नुहुँदा उनले "कहिले?" भनी सोधेपछि भगवान्ले अतीतको कुरा सुनाउनु भयो ।

अतीत समयमा तिमी वाराणसीकी महिषी थियौ । एक नर्तकीमाथि ईर्ष्या र क्रोधगरी तिमीले उ सुत्ने ठाउँमा

चिलाउने (काउसो) औषधी छरिदियौ र उसको शरीरमा पनि हालिदियौ । सो नर्तकी जिउभरी कन्याउँदै सुत्न जाँदा सुत्न पनि सकिन । त्यसैको विपाकले तिमीलाई यसो भएको हो भनी अतीतको कुरा सुनाउँदा त्यहाँ बसेका धेरै मानिसहरूले स्रोतापत्तिफल प्राप्त गरे । रोहिणीले पनि स्रोतापत्तिफल प्राप्त गरिन् । आसनशालामा बढार्ने काम गर्दा गर्दै उनको रोग पनि निको भयो । अनि मृत्युपछि उनी त्रयस्त्रिंश देवलोकमा उत्पन्न भइन् । (धम्म. प. अ. क. पृ. ६०६: रोहिणीया वत्थु, कोधवग्गो–१७; बु. म.–२ पृ. १५८; बु. बू.–२ पृ. १०९)

एकदिन अनुरुद्ध स्थविर एक गाउँमा भिक्षाटन् गइ-रहनु भएको बेलामा इन्द्रक (इन्दक) भन्ने एक मानिसले आफूलाई ल्याएको खानाबाट एकचम्चा भात वहाँको भिक्षा-पात्रमा राखिदिएको थियो । यसको प्रभावले उ मरणोप्रान्त त्रयस्त्रिंश देवलोकमा निकै प्रभावशाली देवता भई उत्पन्न भयो । (बु. प्रे. पृ. २७; धम्म. प. अ. क. पृ. ५६०: यमक-पाटिहारियवत्थु, बुद्धवग्गो–१४; धम्म. प. अ. क. पृ. ७६३: अंकुरस्सवत्थु, तण्हावग्गो २४) भगवान् त्रयस्त्रिंश देवलोकमा अभिधर्म देशना गरिरहनु भएको बेलामा यी इन्द्रक देवपुत्र पनि भगवान्को नजिकमै थिए । (धम्म. प. अ. क. पृ. ५६०: यमकपाटिहारियवत्थु, बुद्धवग्गो–१४; बु. बू.–१ पृ. ६१)

प्रेतनी

एक समय आयुष्मान् सारिपुत्र, आयुष्मान् महामौद्गल्यायन, आयुष्मान् अनुरुद्ध र आयुष्मान् कप्पिनहरूसँग राजगृह नजिक एक अरण्यायतनमा वस्नु भएको थियो।

त्यहाँ एकदिन आयुष्मान् सारिपुत्र चंक्रमण शालामा चंक्रमण गरिरहनुभएको बेलामा यसभन्दा पाँच जन्म अघि वहाँकी आमा भएकी एक प्रेतनी आई वहाँलाई आफ्नो कंकाल रूप देखाई। स्थविरले "तिमी को ह्वौ ?" भनी सोध्नु हुँदा उसले "अहं ते सकिया माता, पुब्ब अञ्ञासु जातिसु" भनी भनी। अर्थात्– "अघि म एक अर्कै जन्ममा तिम्री आमा थिएँ" भनी भनी। उसले यस्तो पनि भनी–

"देहि पुत्तक मे दानं, दत्वान उद्दिस्साहि मे।
अप्पेव नाम मुच्चेय्यं, पुब्बलोहित भोजना'ति ॥

अर्थात्– "हे पुत्रक ! मेरो निमित्त दान देऊ, दान दिएर मलाई उद्देश्य गरी पुण्य देऊ; जसले गर्दा म यो रगत–पीप खानपर्ने प्रेतजीवनबाट मुक्त हुनसकूँ।"

यो सुनेर स्थविरको मनमा संवेग र दया उत्पन्न भई आफ्नी आमाको निमित्त दानदिने विचार गरी आयुष्मान् महामौद्गल्यायनहरू सहित तीन स्थविरहरूसँग राजा बिम्बिसारको निवासस्थान राजगृहमा भिक्षाटन् जानुभयो। स्थवि-

रहरूलाई देखेर वन्दना गर्दै "भन्ते ! किन आउनु भएको हो ?" भनी सोध्दा आयुष्मान् महामौद्गल्यायनले राजालाई कारण बताउनु भयो । कारण बुझी राजाले एक अमात्यलाई "एक राम्रो स्थानमा चारवटा कुटी बनाइदिनू" भनी आज्ञा दिए । कुटी तयार भएपछि त्यहाँ चाहिने उपकरणहरू राखी राजाले सो कुटीहरू आयुष्मान् सारिपुत्र स्थविरलाई सुम्पिदिए। त्यसपछि सो प्रेतनीलाई उद्देश्यगरी सारिपुत्र स्थविरले सो कुटीहरू र त्यसमा भएका सरसामानहरू सबै चातुर्दिशाबाट आउने भिक्षु संघको निमित्त प्रदान गर्नुभयो । सो प्रेतनी त्यो दान अनुमोदन गरी देवलोकमा उत्पन्न भई ।

त्यसपछि एकदिन ऊ आयुष्मान् महामौद्गल्यायन कहाँ आई वन्दना गरी एक छेउमा उभिएर बसी । स्थविरले उसँग प्रश्न सोध्नु भएपछि उसले आफू प्रेतयोनिबाट मुक्त भई देवयोनीमा उत्पन्न भएको कारण सबै बताउँदै यसो भनी–

"मातुया वचनं सुत्वा उपतिस्सोनुकम्पिको ।
आमन्तयि मोग्गल्लानं अनुरुद्धं च कप्पिनं ।।"

अर्थात्– "आमाको कुरा सुनी दयावान् उपतिस्स (=सारिपुत्र) ले आयुष्मान् महामौद्गल्यायन, आयुष्मान् अनुरुद्ध र आयुष्मान् कप्पिनलाई बोलाउनु भई चारवटा कुटी बनाई मलाई उद्देश्य गरी ती कुटीहरू भिक्षुसंघलाई दान दिए । त्यो पुण्य अनुमोदन गरी अब म दिव्यलोकमा सुख सहित मुदित भई बसेकी छु ।"(पेत. व. अ. क. पृ. ५९: सारिपुत्तत्थेरस्स मातुपेतवत्थुवण्णना; बु. प्रे. पृ. २३०)

एक समय आयुष्मान् अनुरुद्ध जेतवनारामको कोसम्ब कुटी (=कौशम्बी कुटी) मा बस्नुभएको थियो । एकदिन बिहान सबेरै भोरको वखतमा उठी कुटीमा बसी धम्मपदको अप्रमाद वर्गका श्लोकहरू बडो मधुर स्वरले पढ्दै हुनुहुन्थ्यो । (सं. नि. अ. क. I पृ. २३७-३८: पियंकरसुत्तवण्णना, यक्खसंयुत्त ; बु. बू.-१ पृ. ४०८)त्यस समय पिसाच योनीमा उत्पन्न भएकी प्रियंकरमाता र उसको पुत्र साथमा लिई जेतवनको पछाडिपट्टिको परखालबाट आहारको निमित्त मलमूत्र, सिंगान र कफहरू खोज्दै नगरतिर जान लागेकी थिई । त्यस वखत अनुरुद्ध स्थविरको मधुर स्वर सुनी यक्षिणीको जिउभरी प्रीति फैलियो र सोही स्वर सुनी रही । यो मधुर स्वर सुनेर उसको मनमा धर्मश्रवण गर्ने इच्छा उत्पन्न भयो । अनि उ वालक लिएर एक छेउमा उभिइरही । तर उसको वालक भोक लाग्यो खाना देऊ भनी कराउँदै थियो । अनि धर्मश्रवणले नै हामीहरूको कल्याण हुनेछ चुप लाग नकराऊ भनी उसलाई फकाउन थाली । (सं. नि. अ. क. I पृ. २३८: पियंकरसुत्तवण्णना, यक्खसंयुत्त; बु. बू.-१ पृ. ४०४, ४०८-०९; सं. नि.-१ पृ. २१०: पियंकरसुत्त, यक्खसंयुत्त)

देवचारिका

महामौद्गल्यायन महास्थविरले देवचारिका गर्ने जस्तै आयुष्मान् अनुरुद्ध पनि समय समयमा देवचारिका गर्नु हुन्छ । एकदिन देवचारिकाको क्रममा वहाँले त्रयस्त्रिंश देव-

लोकमा विशाखाकी एक सहायिका एक देवपुत्रीलाई भेट्नु भएको थियो र "विशाखा कहाँ उत्पन्न भएकी छिन् त ?" भनी प्रश्न पनि सोध्नु भएको थियो । सो देवपुत्रीले "उनी निर्माणरति देवलोकमा सुनिर्मित देवराजाकी प्रजापतिको रूपमा उत्पन्न भएकी छिन्" भनी बताएकी थिइन् । (बु. वि. पृ. २६०, २६७; विमा. व. अ. क. पृ. १५१, १५४: विहारविमानवत्थु अट्ठकथा; बु. म.–१ पृ. ९५)

यहाँनिर विशाखा सम्बन्धी केही कुरा लेखिन्छ ।

दी. नि. अ. क. II पृ. ९९: महापदानसुत्तवण्णनामा विशाखाको आयु १२० वर्ष थियो भनी उल्लेख भएको छ । यदि १२० वर्ष उनको आयु हो भने अवश्य पनि भगवान्को परिनिर्वाणपछि यिनको मृत्यु भएको हुनुपर्छ। तर उपरोक्त अनुरुद्ध स्थविरको कुरा अनुसार भगवान् भन्दा अगाडि नै यिनको मृत्यु भएको ठहर छ । किनभने वहाँ स्थविरले त्रयस्त्रिंश देवलोकमा भएको कुरा भगवान्लाई बताउनु भएको छ । यो कुरा वि. व. अ. क. पृ. १५६ मा स्पष्टरूपले यसरी उल्लेख भएको छ । **"आयस्मा अनुरुद्धो अत्तना च देवताय च वुत्तमत्थं मनुस्सलोकं आगन्त्वा भगवतो आरोचेसि ।"** अर्थात्– "मनुष्यलोकमा आई आयुष्मान् अनुरुद्धले आफूले सोधेको र देवताले भनेका कुरा भगवान्लाई बताउनु भयो" भनी उल्लेख भएको छ । यति मात्र होइन यही कुरालाई लिई भगवान्ले उपस्थित परिषद्लाई धर्मोपदेश गर्नुभएको कुरा पनि उहीं उल्लेख भएको छ । अतः महापदानसुत्त वण्णनामा उल्लेख भएको कुरा मेल खाँदैन । विशाखाको

उमेर ७ वर्ष हुँदा सर्वप्रथम भगवान्ले उनलाई अंगदेशको भद्रीय नगरमा (भद्दिय नगरे) भेट्नु भएको थियो । (धम्म. प. अ. क. पृ. २३५: विसाखायवत्थु, पुप्फवग्गो; अं. अ. क. I पृ. २१९: विसाखाकथा; बु. म–१ पृ. २१) बु. म–१ पृ. ६४, ९५ मा मैले केवल दी. नि. अ. क. II महापदान सुत्तवण्णनाको कुरालाई मात्र ध्यानमा राखी विशाखा उपासिका १२० वर्ष बाँची भगवान् परिनिर्वाणपछि उनी परलोक भइन् भनी लेखेको हुँ । वास्तवमा यता उताको कुरासँग दाँजेर हेर्दा यो कुरा मिल्दैन । यो १२० वर्षको कुरा त्यसताकाका अर्थकथाचार्यहरूले कलि युगमा मानिसको आयु १२० वर्ष हुन्छ भन्ने कुरालाई दृष्टिगत गरी लेखेको हुन सक्छ भन्ने मेरो विचार हो ।

५० वर्षसम्म

अनुरुद्ध स्थविरकहाँ बस्ने बाहिय भन्ने एकजना भिक्षु थियो जो संघभेदको काममा अग्रसर भई काम गर्दथ्यो।

एकदिन भगवान्ले आयुष्मान् आनन्दसँग "आनन्द! झै–झगडाको काम टुंगियो त ?" भनी सोध्नुहुँदा स्थविर यसो भन्नुहुन्छ– "भन्ते ! कहाँ सिद्धिने । अनुरुद्ध स्थविरकहाँ बस्ने बाहिय भन्ने भिक्षु झगडा मच्चाउने काममा अधि-बढ्छन् । तैपनि अनुरुद्ध स्थविर केही भन्नुहुन्न ।"

"आनन्द ! केही संघको झै–झगडाको बीचमा अनु-

रुद्ध परेको देखेका छौ र? यदि कुनै भै–झगडा उठेमा त्यो त तिमी वा सारिपुत्रमौद्गल्यायनहरूले समाधान गर्न सक्नुपर्छ होइन?" (अं. नि–४ पृ. २५४: संघभेदकसुत्त, आपत्तिभय-वग्गो; बु. प–२ पृ. २२८; बु. श्रा. च–५ पृ. २५८; बु. गृ–२ पृ. २४०)

यस्तै गरी वहाँ स्थविरकहाँ अर्का एकजना अभिज्झिक भन्ने एक अटेरी भिक्षु थिए ।

एकदिन भगवान्ले महाकश्यप स्थविरलाई "भिक्षुहरू-लाई अर्ति बुद्धिदेऊ" भनी भन्नुहुँदा स्थविर भन्नुहुन्छ कि "भन्ते ! कसलाई अर्ति बुद्धि दिने र ! आजकल भिक्षुहरू अटेरी छन् । भनेका कुरालाई ध्यान दिएर सुन्दैनन् । मलाई थाहा छ कि अनुरुद्धको साथमा वस्ने अभिज्झिक भन्ने भिक्षु पनि अटेरी छन् ।" सम्भवत यो घटना भगवान् परिनिर्वाण हुने सालको हुनुपर्छ । (सं. नि. II पृ. १७०: ओवादसुत्त, कस्सपसंयुत्त; बु. श्रा. च–६ पृ. २९८)

एकदिन आयुष्मान् सभिय कात्यायनले आयुष्मान् अनुरुद्धसँग यस्तो सोध्नुभयो– "भन्ते अनुरुद्ध ! जो ती आभा (=प्रकाश) देवताहरू छन् तिनीहरूमा अल्पआभा हुने पनि (अप्रमाण) धेरै आभा हुने देवताहरू पनि छन् के ?" "आवुसो कात्यायन ! त्यहाँ केही अल्प आभा हुने देवताहरू पनि धेरै आभा हुने देवताहरू पनि छन् ।" (म. नि. III पृ. २१६: अनुरुद्धसुत्त; बु. गृ.–३ पृ. ४८)

सुमं. वि. II पृ. ९९: महापदानसुत्तवण्णनानुसार अनुरुद्ध स्थविरको आयु १५० वर्ष थियो भने भिक्षु भएदेखि वहाँले ५० वर्षसम्म टाँग पसारी खाट्मा लेटेर सुत्नुभएको थिएन । (सुमं. वि. III पृ. ४८: सक्कपञ्हसुत्तवण्णना; बु. बृ.-२ पृ. २३३; बु. श्रा. च-५ पृ. २८; बु. श्रा. च-६ पृ. ८१)

तर थेर. गा. पा. पृ. ३५८: अनुरुद्धगाथा गा. नं. १३ मा वहाँले स्वयं यसो उल्लेख गर्नुभएको छ ।

"पञ्चपञ्ञासवस्सानि, यतो नेसज्जिको अहं ।
पञ्चवीसतिवस्सानि, यतो मिद्धं समूहतं ॥"

अर्थात् - "५५ वर्षसम्म मैले टाँग पसारेर खाटमा सुतिन; २५ वर्षसम्म म निदाउन पनि निदाइन ।"

इत्यादि धुताङ्गको कारणले जब वहाँ बुढो हुनु भई शरीर जीर्ण भयो तब पूर्व स्नेहको कारणले वहाँकी अघिल्लो जन्मकी पत्नी जालिनी भन्ने देवपुत्री वहाँ कहाँ आई "अहिले तपाइँ धेरै जीर्ण भइसक्नु भयो अतः देवलोकमा आउनुहोस्" भनी भन्दा वहाँले उनलाई "अब मेरो पुनर्जन्म छैन" भनी भन्नु भएपछि उनी निराश भई उहीं अन्तरधान भइन् । (थेर. गा. अ. क. II पृ. ४०५: अनुरुद्धत्थेरगाथावण्णना)

वहाँ स्थविर असीति महाश्रावकहरू मध्ये एक पनि हुनुहुन्छ । (बु. म-१ पृ. ६०; थेर. गा. अ. क. II पृ. ६३१: वङ्गीसत्थेरगाथावण्णना)

ब्राह्मणहरू

एक समय आयुष्मान् सारिपुत्र, महामौद्गल्यायन, महाकात्यायन, महाकोट्ठिक, महाकप्पिन, महाचुन्द, अनुरुद्ध रेवत, उपालि, आनन्द तथा राहुल स्थविरहरू काशीमा चारिका गर्दै जांदा मच्छिकासण्ड नगरमा पुग्नु भयो । अनि त्यस नगरका श्रद्धालु चित्त गृहपतिले यो खबर सुनी वहाँ स्थविरहरूलाई भोलिको निमित्त भोजनद्वारा निम्तो गरे । अघि अघि यिनले कसैलाई निम्तो गर्नुभन्दा अगाडि मच्छिकासण्ड विहारमा बस्ने सुधर्म भिक्षुसँग सोध्ने गर्थे । यस पटक निम्तो गर्नुभन्दा अगाडि सोध्न सकेनन् र निम्तो गरिसकेपछि वहाँलाई यो खबर सूचित गर्न जांदा सुधर्म भिक्षु रिसाएका थिए । (बु. गृ.-१ पृ. १६६; चुल्ल. व. पा. पृ. ३२: पटिसारणीयकम्मं, कम्मक्खन्धकं)

अनाथपिण्डिककी माहिली छोरो चूलसुभद्राले साकेत नगरवाट भगवान्लाई निम्तो गरेकी थिइन् । भगवान् ५०० षडभिज्ञलाभी भिक्षुहरूका साथ आकाशमार्गद्वारा त्यहाँ जानु भएको थियो । धर्मश्रवणपछि चूलसुभद्राका सासू कालक सेठ स्रोतापन्न भए । उनले त्यहाँ सातदिनसम्म दान दिए । आफ्नो एउटा उदचान पनि शास्तालाई दान दिई त्यसमा घरहरू पनि बनाइ दिए । त्यसैले त्यस ठाउँको नाउं नै कालकाराम रह्यो। भगवान् फर्कनुहुँदा चूलसुभद्रामाथि अनुकम्पा राखी त्यस कालकाराममा अनुरुद्ध स्थविरलाई छाडेर आउनु भयो । (बु.

म–२ पृ. ६२–६३; मनो. र. पू. II पृ. ४८३: कालकाराम-सुत्त वण्णना; चतुक्कनिपात; धम्म. प. अ. क. पृ. ७०८: चूलसुभद्दायवत्थु, पकिण्णकवग्गो–२१)

एक समय भगवान् जेतवनाराममा वसिरहनु भएको थियो। त्यसबखत आयुष्मान् सारिपुत्र, महामौद्गल्यायन, महाकश्यप, महाकात्यायन, महाकोट्ठिक,महाकप्पिन, महाचुन्द, अनुरुद्ध, रेवत तथा नन्द स्थविरहरू आइरहेका थिए। भगवान्ले टाढैबाट उनीहरूलाई देख्नु भयो।

अनि भगवान्ले भिक्षुहरूलाई सम्बोधन गरी–"भिक्षु हो ! यी ब्राह्मणहरू आउँदै छन्" भनी भन्नुभयो।

त्यसबखत त्यहाँ ब्राह्मण जातिका एक भिक्षुले भगवान्सँग "भन्ते ! कहिलेसम्ममा ब्राह्मण हुन्छ ?" भनी प्रश्न सोधे। भगवान्ले यसो भन्नुभयो–

"बाहित्वा पापके धम्मे, ये चरन्ति सदासता।
खीणसंयोजना बुद्धा, ते वे लोकस्मि ब्राह्मणा'ति।"

अर्थात्– "अकुशल धर्महरूलाई पखाली जो सधैं स्मृतिमान् भई बस्छ, जो संयोजन क्षीण भएका बुद्ध (=श्रावक) हरू हुन्–तिनीहरू नै यो लोकमा ब्राह्मण हुन्।" (बु. श्रा. च–२ पृ. २८२; उदा पा. पृ. ६६: ब्राह्मणसुत्त, बोधिवग्गो।)

एकदिन जेतवनाराममा बसिरहनु भएका शास्ता संध्या समयमा ध्यानबाट उठी उपस्थानशालामा जानु भयो। आयुष्मान् सारिपुत्र, महामौद्गल्यायन, महाकश्यप, महाकात्यायन, महाकोट्ठिक, महाचुन्द, महाकप्पिन, अनुरुद्ध, रेवत तथा आनन्द स्थविरहरू पनि ध्यानबाट उठी उपस्थानशालामा गई भगवान्‌लाई अभिवादन गरी एक छेउमा बस्नुभयो।

भगवान् सहित ती स्थविरहरू त्यहाँ रातको धेरै बेरसम्म बस्नुभयो। अनि भगवान् आसनबाट उठी आपनो विहारमा (=कोठामा) जानुभयो। केहीछिन पछि स्थविरहरू पनि आसनबाट उठी आ–आफ्ना विहारमा (=कोठामा) जानुभयो। जो ती त्यहाँ नयाँ भिक्षुहरू थिए तिनीहरू सूर्योदय हुनुञ्जेलसम्म कौवाकराए झैं दाह्रा किट्‌दै सुतिरहे।

भगवान्‌ले दिव्यचक्षुद्वारा यो स्थिति देख्नुभई भगवान् फेरि उपस्थानशालामा जानुभयो र "खोई, ती सारिपुत्रादि अनुरुद्धहरू ?" भनी सोध्दा ती नयाँ भिक्षुहरूले "भन्ते! तपाइँ गइसक्नु भएपछि केही छिनपछि वहाँहरू पनि आ–आफ्ना विहारमा जानु भयो" भनी विन्ति गरे। "त्यसैले तिमीहरू दाह्रा किट्‌दै कौवा कराए झैं कराई सूर्योदय हुनुञ्जेलसम्म सुतिरहेका ?" भनी अर्ति उपदेश दिनुभयो। (बु. श्रा. च–२ पृ. २४३; अं. नि–६ पृ. २०: सोप्पसुत्तं, सारणीय वग्गो।)

भगवान्‌को प्रश्न

एक समय भगवान् कोशल देशको नलकपान भन्ने गाउँको पलाश वनमा वस्नु भएको थियो। त्यसबखत धेरै कुलपुत्रहरू भगवान्‌को उद्देश्य लिई श्रद्धाले प्रव्रजित भएका नामी नामी भिक्षुहरू थिए। जस्तै-आयुष्मान् अनुरुद्ध, आयुष्मान् भद्रीय, आयुष्मान् किम्बिल, आयुष्मान् भगु, आयुष्मान् कौडिन्य, आयुष्मान् रेवत तथा आयुष्मान् आनन्द। यस्तै अरू पनि धेरै नामी नामी कुलपुत्रहरू त्यहाँ थिए। त्यसबखत भिक्षु-संघद्वारा घेरिई खुला ठाउँमा भगवान् वस्नुभएको थियो।

अनि भगवान्‌ले ती कुलपुत्रहरूको बारेमा भिक्षुहरू-लाई सम्बोधन गर्नुभयो– "भिक्षुहो ! जो कुलपुत्रहरू मेरो उद्देश्य लिई घरबार छाडी प्रव्रजित भए तिनीहरू बृह्म-चर्यमा मन लगाई वसेका छन् के ?"

यस्तो भन्नु हुँदा ती भिक्षुहरू चुपलागेर बसे। दोस्रो पटक पनि तेस्रो पटक पनि भगवान्‌ले त्यसैगरी सोध्नुभयो। दोस्रो पटक पनि तेस्रो पटक पनि भिक्षुहरू चुपलागेर बसे।

अनि भगवान्‌ले अनुरुद्धलाई सम्बोधन गरी यसो भन्नुभयो– "अनुरुद्ध ! के तिमीहरू बृह्मचर्यमा मन लगाई बसेका छौ ?"

"भन्ते ! हामीहरू अवश्य नै मन लगाई बसेका छौं।"

"अनुरुद्ध ! तिमीहरूलाई धन्य छ। यसरी नै बस्न

सक्नु पर्छ । श्रद्धाले प्रव्रजित भएका कुलपुत्रहरू यसरी बस्नु उचित छ । अनुरुद्ध ! यस्तो भद्र यौवनमा जुन वखतमा तिमीहरू कामविषयमा लागि रहने थियौ त्यस्तो भद्र यौवनमा तिमीहरू घरबार छाडी त्यागी भएर निस्कयौ । अनुरुद्ध ! तिमीहरू राजाको भयबाट, चोरको भयवाट, ऋणको भयवाट अथवा जीविकाको कारणवाट घरबाट निस्केका होइनौ, परन्तु तिमीहरू जाति जरा मरणबाट पारतर्नको लागि, दुःखलाई क्षय गर्नको लागि घरवाट निस्केका ह्वौ । अनुरुद्ध ! यसरी तिमीहरू श्रद्धाले घरबाट निस्केका ह्वौ, होइन त ?"

"हो, भन्ते !"

त्यसपछि, त्यसरी श्रद्धाले प्रव्रजित हुनेहरूले ध्यान लाभ गरी बस्न सक्नुपर्छ भन्ने आदि कुरा वहाँले भन्नुभयो ।

"अनुरुद्ध ! के कारणलाई देखी तथागतले परलोक भएका श्रावकहरू फलाना फलाना ठाउँमा, फलाना फलाना ठाउँमा उत्पन्न भए भनी भन्नु भएको होला ?"

"भन्ते ! भगवान् नै हाम्रा नेत्री हुनुहुन्छ अतः यस विषयमा भगवान्‌वाट नै सुन्न पाए बेश हुनेथियो र भगवान्-बाट सुनी भिक्षुहरूले धारणा गर्नेछन् ।"

"अनुरुद्ध ! तथागतले जनतालाई आश्चर्य चकित पार्नको निमित्त, जनताबाट कुनै प्रशंसा प्राप्त गर्नको लागि अथवा जनताबाट कुनै लाभसत्कार प्राप्तिको लागि त्यसो

भनेको होइन । न त जनताले मलाई चिनोस् जानोस् भन्ने हेतुले हो । अनुरुद्ध ! यहाँ त्यस्ता कुलपुत्रहरू पनि छन् जो निक्कै प्रसन्न छन् । 'फलाना, फलाना ठाउँमा; फलाना, फलाना ठाउँमा उत्पन्न भए' भन्ने कुरा सुनी उनीहरू पनि त्यस त्यस ठाउँमा उत्पन्न हुनको लागि प्रयत्नशील हुन्छन् र चित्त लगाउँछन् । अनुरुद्ध ! उनीहरूको लागि यो दीर्घकाल-सम्म हित सुखको कारण बन्छ । त्यसैले तथागतले परलोक भएकाको गति बताउनु भएको हो ।"

यति भन्नु भएपछि आयुष्मान् अनुरुद्धले भगवान्को भाषणलाई अनुमोदन गर्नु भयो ।

परिनिर्वाण

एक समय आयुष्मान् अनुरुद्ध पाहाडतिरको मुण्ड-निगम भन्ने गाउँमा जानु भएको थियो । त्यस गाउँमा महामुण्ड भन्ने एक उपासकका महासुमन र चुल्लसुमन (=सानासुमन) भन्ने दुइ छोराहरू थिए । वर्षावास नजिक आइपुगेको बेलामा अनुरुद्ध स्थविर त्यहाँ भिक्षाटन् जानु भयो। यो देखेर महामुण्डले आफ्नो छोरोलाई "बाबु ! तिमी गएर स्थविरको हातबाट अरू कसैले भिक्षापात्र लिनु भन्दा अगाडि लिएर आऊ । म घरमा आसन ठीक पारिराख्ने छु" भनी पठाए ।

उनी गएर स्थविरको हातबाट पात्र मागी घरमा ल्याए। स्थविरलाई घरमा भोजन गराई महामुण्ड उपासकले तीन महीना बर्षावास उहीं बस्नुहुन प्रार्थना गरे। स्थविरले स्वीकार्नु भयो।

वर्षावास सिद्धिएपछि महापवारणाको दिनमा उपासकले त्रिचीवर, लड्डु, तेल आदि उपहार चढाए। स्थविरले "भो उपासक! यी वस्तुहरू मलाई चाहिन्न" भनी भन्नुभयो। उपासकले "भन्ते! यी वस्तुहरू महापबारणाको उपहार हो, स्वीकार्नु होस्" भनी कर गरेपछि स्थविरले "उपासक! ममा कुनै कप्पियकारक श्रामणेर पनि छैन, मलाई यी वस्तुहरू चाहिन्नन्" भनी भन्नुभयो। "त्यसो भए भन्ते! यो मेरो महासुमनलाई श्रामणेर बनाउनुहोस्।" भनी भन्दा स्थविरले स्वीकार्नु भएन। त्यसोभए यी ७ वर्षीय चुल्लसुमनलाई श्रामणेर बनाउनुहोस्" भनी प्रार्थना गरे। स्थविरले स्वीकार्नु भई उनलाई श्रामणेर बनाउनको निमित्त केश क्षौर गर्दा गर्दै उनी अरहत् भए। त्यसपछि आधा महीनासम्म सो श्रामणेरसँग उहीं बस्नुभयो।

पछि भगवान्‌को दर्शन गर्ने विचारले हिमालतिरको एक पहाडमा आकाशबाट ओर्लिनु भयो। स्वभावत नै स्थविर वीर्यवान् अप्रमादी हुनुहुन्छ। त्यहाँ बस्दा पनि पूर्वापर रातमा चंक्रमण मात्र गरिरहनु भएकोले वहाँको पेटमा वायु प्रकोप भयो। स्थविरलाई सुख नभएको जस्तो देखी

श्रामणेरले "भन्ते ! के तपाइँलाई सञ्चो छैन कि क्याहो ?" भनी सोधे । स्थविरले "हो" भनी भन्नुभयो । "के भयो भन्ते ?" भनी सोध्दा पेट दुखेको कुरा वहाँले वताउनुभयो । "अघि पनि तपाइँलाई यसरी पेट दुख्दथ्यो के ?" "दुख्थ्यो" भनी भन्नु भएपछि श्रामणेरले "त्यसवखत के गरेर निको हुन्थ्यो नि ?" भनी सोधदा "अनोतत्त (=अनवतत्त) दहको पानी पिउँदा निको हुन्थ्यो" भनी भन्नुभएपछि श्रामणेरले "त्यसोभए अनवतप्त दहवाट पानी ल्याउनेछु" भनी निवेदन गरे ।"श्रामणेर! अनवतप्त दहबाट पानी ल्याउन सक्छौ के?" भनी भन्दा "सक्छु" भनी श्रामणेर ५०० योजनको बाटो आकाशवाट गई पानी ल्याई पिलाएपछि स्थविरको पेट दुखाइ निको भयो । (धम्म. प. अ. क. पृ. ७६१–६२: सुमनसामणेरवत्थु, भिक्खुवग्गो–२५)

१२ वर्षसम्म छद्दन्त वनको मन्दाकिनी दहको तीरमा हज्जारौं हात्तीहरूको बीचमा ध्यानमग्न भई भगवान् बुद्धका प्रथम शिष्य कोण्डञ्ञ(=कौडिन्य) स्थविरले जीवन बिताउनु भयो । वहाँको अन्तिम संस्कार पनि सोही वनमै भयो ।

जब कौडिन्य महास्थविरको परिनिर्वाणको खवर पाए तव आयुष्मान् अनुरुद्ध ५०० भिक्षुहरूका साथ आकाशमार्गद्वारा त्यहाँ गई रातभरी स्वाध्यायन गरी उपस्थित देवगणहरूलाई धर्मोपदेश पनि गर्नुभयो र यसवाट धेरै देवगणहरूले धर्मावबोध पनि गरे । अनि अर्को दिनको अरुणो-

दयको समयमा चिता निभाई सुमनमकुल वर्ण जस्तो वहाँको शारीरिक अस्थिधातु (=भष्मावशेष) पानीको छान्नीमा राखी वेणुवनाराममा फर्की कोठाबाट बाहिर निस्कनुभएका भगवान्को हातमा आयुष्मान् अनुरुद्धले अस्थिधातु भएको पानी छान्नी दिनुभयो। भगवान्ले पानी छान्नी हातमा लिनुभई पृथ्वीतिर हात पसार्नुभयो र पृथ्वीबाट बुब्बुलाकारको चाँदीको जस्तो स्तूप निस्क्यो र सोही स्तूपमा अस्थिधातु निधान गर्नुभयो।

अर्थकथाचार्य बुद्धघोष आचार्यले लेख्नु भएको छ कि त्यो स्तूप वहाँको पालासम्म विद्यमान थियो। (सं. नि. अ. क. I पृ. २१९: कोण्डञ्ञसुत्त वण्णना, वङ्गीससंयुत्त; थेर. गा. अ. क. II पृ. २९९, ३०५: अञ्ञाकोण्डञ्ञत्थेरगाथा वण्णना; मनो. र. पू. I पृ. ८४: अञ्ञाकोण्डञ्ञ कथा; अप. दा. अ. क. पृ. २५२: अञ्ञाकोण्डञ्ञस्स अपदानट्ठकथा।)

जसरी अनुरुद्ध स्थविरले कौडिन्य महास्थविरको चिता निभाउनु भएको थियो त्यसरी नै मगध देशको नालक गाउँमा आफू जन्मेको कोठामा (बु. श्रा. च-५ पृ. १४८) परिनिर्वाण हुनु भएका धर्मसेनापति सारिपुत्र महास्थविरको चिता पनि सुगन्धित पानीद्वारा वहाँले नै निभाउनु भएको कुरा सं. नि. अ. क. III पृ. १७८: चुन्दसुत्तवण्णना, सतिपट्ठानसंयुत्तले उल्लेख गरेको छ। (बु. श्रा, च-५ पृ. १५६)

भगवान् परिनिर्वाण हुनको निमित्त कुशीनगरमा

बस्नु भएको थियो । अनि भगवान् प्रथमध्यानमा वसी त्यसबाट उठी क्रमशः नैवसंज्ञानासंज्ञायतन समापत्तिमा वस्नुभयो । त्यस समापत्तिमा वस्नुहुँदा वहाँको श्वासप्रश्वास निरोध भयो। श्वास प्रश्वास निरोध भएको देखी आयुष्मान् आनन्दले आयुष्मान् अनुरुद्धसँग "भगवान् परिनिर्वाण हुनुभयो कि क्याहो ?" भनी सोधदा आयुष्मान् अनुरुद्धले "परिनिर्वाण हुनु भएको छैन" भनी भन्नुभयो । (दी. नि. II पृ. १२०: महापरिनिब्बानसुत्त)

भगवान् परिनिर्वाण भएको र नभएको कुरा आयुष्मान् अनुरुद्धले कसरी थाहापाउनु भयो त भन्ने प्रश्नको उत्तरमा सुमं.वि. II पृ. ३०६: महापरिनिब्बानसुत्तवण्णनाले यसरी उल्लेख गरेको छ–

"भगवान्‌को साथ साथै अनुरुद्ध स्थविरले पनि ध्यान गर्नुभएको थियो । जव भगवान् नैवसंज्ञानासंज्ञायतन समापत्तिमा बस्नुभयो तब वहाँ स्थविर पनि त्यस समापत्तिमा बस्नुभयो । निरोध समापत्तिमा बसी परिनिर्वाण हुन नसक्ने कुरा वहाँलाई थाहाथियो । त्यसैले वहाँले "परिनिर्वाण हुनु भएको छैन" भनी भन्नु भएको हो ।"

त्यसपछि भगवान् क्रमैसँग चतुर्थध्यानमा बस्नुभयो । त्यसपछि चतुर्थध्यानबाट उठ्ने वित्तिकै भगवान् परिनिर्वाण हुनुभयो । त्यसैले दी. नि. II पृ. १२० महापरिनिब्बान-

सुत्त मा यस्तो उल्लेख भएको हो– "चतुत्थज्झाना वुट्ठहित्वा समनन्तरा भगवा परिनिब्बायि।" अर्थात्– "चतुर्थध्यानबाट उठ्ने बित्तिकै भगवान् परिनिर्वाण हुनुभयो।"

परिनिर्वाण भएको बेलामा भुइचालो गएको थियो। (दी. नि. II पृ. १२०: महापरिनिब्बानसुत्त।)

भगवान् परिनिर्वाण हुनेबित्तिकै आयुष्मान् अनुरुद्धले निम्न गाथा प्रकट गर्नु भयो।

"नाहु अस्सासपस्सासो, ठितचित्तस्स तादिनो।
अनेजो सन्तिमारब्भ, यंकालमकरी मुनि॥
असल्लीनेन चित्तेन, वेदनं अज्झवासयि।
पज्जोतस्सेव निब्बानं, विमोक्खो चेतसो अहु॥"

अर्थ–

"शान्तदान्त चित्त हुनु भएका, तृष्णाबाट विमुक्त हुनु भएका, उपादान रहित भई निर्वाणमा रहनु भएका तथागतको आश्वासप्रश्वास रोकियो।

"विकसित चित्त भएका, वेदना रहित हुनुभएका, अप्रज्ञप्ति निर्वाण र विमोक्ष चित्तमा रहनु भएका वहाँ तथागत ज्वाला निभे झैं गरी परिनिर्वाण हुनुभयो।" (दी. नि. II पृ. १२०: महापरिनिब्बानसुत्त; सं. नि–१ पृ. १५६: परिनिब्बानसुत्त, ब्रह्मसंयुत्त)

भगवान् परिनिर्वाण भएपछि जो ती मानिसहरू र

भिक्षुहरू त्यहाँ थिए तिनीहरूमध्ये केही टाउको समाती रुन थाले केही विलाप गर्न थाले । जो ती वीतरागी भिक्षुहरू थिए तिनीहरूले "सबै संस्कार अनित्य हुन्" भनी धर्मसंवेग गरे ।

अनि आयुष्मान् अनुरुद्धले भिक्षुहरूलाई सम्बोधन गरी भन्नुभयो– "भिक्षुहो ! भइहाल्यो शोक नगर विलाप नगर । भगवान्ले ह्रामीलाई अगाडि नै भन्नुभएको छ कि सबै प्रिय मनाप वस्तुहरूबाट हामीहरू वियोग हुनेनै छौं । रोएर वा विलाप गरेर कहाँबाट त्यो पाउन सकौंला र ! जो त्यो जन्म भएको तथा संस्कारद्वारा उत्पन्न भएका वस्तुहरू हुन् ती विनाश नहोऊन् भनी कहाँबाट पाउन सकौंला र ! भिक्षुहो ! देवताहरू पनि यी भिक्षुहरू धैर्य नराखी रोइ-रहेका छन् भनी कराउँदै छन् ।"

"भन्ते अनुरुद्ध! कसरी देवताहरू विचार गर्छन् त? के उनीहरू धैर्य राख्छन् त ?"

"आवुसो आनन्द ! केही देवताहरू त्यस्ता छन् जो आकाशलाई पृथ्वी ठान्दछन् । उनीहरू केश फिजाई रुन्छन् । भुइमा पनि लडिबुडि गर्छन् र टाउकोमा हात राखी रुन्छन् । यता उता पल्टिन्छन् । यस्तो पनि भन्छन्– "धेरै चाँडै भगवान् परिनिर्वाण हुनु भयो । धेरै चाँडै सुगत परिनिर्वाण हुनुभयो ! धेरै चाँडै लोकबाट आँखा लोप भयो । आवुसो आनन्द ! केही देवताहरू पृथ्वीलाई पृथ्वी भनी ठान्दछन् । उनीहरू पनि केश फिजाई रुन्छन् । भुइमा

लडिबुडि गर्छन् र यता उता पल्टिन्छन् । टाउकोमा हात राखी रुन्छन् । यस्तो पनि भन्छन्– "धेरै चाँडै भगवान् परिनिर्वाण हुनुभयो ! धेरै चाँडै सुगत परिनिर्वाण हुनुभयो! धेरै चाँडै लोकबाट आँखा लोप भयो । जो ती वीतरागी देवताहरू हुन् उनीहरू स्मृति राखी 'संस्कार अनित्य हो । नित्यहोस्' भनी कहाँबाट पाउन सकौंला र !" त्यसपछि आयुष्मान् अनुरुद्ध र आयुष्मान् आनन्दहरूले अनित्यसंयुक्त धर्मका कुरा गरी बाँकी रात बिताउनु भयो ।

त्यसपछि आयुष्मान् अनुरुद्धले आयुष्मान् आनन्दलाई बोलाई "आनन्द ! कुशीनगर भित्र गई कुशीनगरवासी मल्लहरूलाई भगवान् परिनिर्वाण हुनुभयो । अब जसो गर्नु पर्ने हो त्यसो गर भनी भन" भनी भन्नुभयो । "हवस् भन्ते!" भनी पूर्वाह्ण समयमा चीवर पारुपन गरी पात्रचीवर ग्रहण गरी अरू एक जना भिक्षु साथमा लिई आयुष्मान् आनन्द कुशीनगर भित्र जानुभयो । त्यसबेला कुशीनगरका मल्लहरू सोही कामको लागि सभागृहमा भेला भएका थिए । अनि सभागृहमा जानु भई कुशीनगरका मल्लहरूलाई "वासेठ्ठहो ! भगवान् परिनिर्वाण हुनुभयो । अब जस्तो गर्नुपर्ने हो त्यस्तो गर्नुहोस्" भनी आयुष्मान् आनन्दले भन्नुभयो । आयुष्मान् आनन्दको यो कुरा सुनी "धेरै चाँडै भगवान् परिनिर्वाण हुनुभयो; धेरै चाँडै सुगत परिनिर्वाण हुनुभयो र धेरै चाँडै लोकबाट आँखा लोप भयो" भन्दै केश फिजाई रुन थाले । केही यता उता

लडिबुडि गर्दै दुःखी दुर्मन हुँदै मल्लपुत्रहरू, मल्लबुहारीहरू रुन थाले, विलाप गर्न थाले। (दी. नि. II पृ. १२१: महापरिनिब्बानसुत्त)

सातदिन भएपछि कुशीनगरका मल्लहरूको मनमा यस्तो लाग्यो- "अब हामीले भगवान्को शरीरलाई नाच गान बाजा-गाजाद्वारा फूलमालाहरू र सुगन्ध आदिद्वारा मान सत्कार पूजा गरी नगरको दक्षिण दक्षिणतिरबाट, नगरको बाहिर बाहिरबाट लगी उक्त शरीरलाई दाह-संस्कार गर्नेछौं।"

अनि बलिया बलिया आठजना (८) मल्ल राजाहरूले शीर नुहाई चुनेको सफा सुग्घर लुगा लगाई भगवान्को शरीर उचाल्न खोज्दा उचाल्न सकेनन्। अनि कुशीनगरका मल्लहरूले दिव्यचक्षुमा अग्र हुनुभएका आयुष्मान् अनुरुद्धसँग "भन्ते! यी बलिया बलिया आठजना मल्लराजाहरूले भगवान्को शरीर उचाल्न नसक्नाको के कारण होला?" भनी सोधे।

"वासेठ्ठ (=वाशिष्ट) हो! तिमीहरूको विचार अर्कै छ, देवताहरूको अर्कै छ।"

"भन्ते! देवताहरूको कस्तो विचार छ त?"

"वासेठ्ठहो! तिमीहरूको विचार नाचगान गरी भगवान्को शरीर नगरको बाहिर बाहिरबाट दक्षिणपट्टिबाट

लगी दाह–संस्कार गर्ने । देवताहरूको विचार चाहिं भगवान्‌को शरीरलाई दिव्य नृत्य गीतद्वारा पूजा सत्कार गरी उत्तरतिरको नगरद्वारबाट नगरभित्र पसी नगरको बीच बीचबाट लगी पूर्वतिरको द्वारबाट निस्की नगरको पूर्वपट्टिको मकुटबन्धन भन्ने मल्लहरूको पूजनीय स्थानमा भगवान्‌को शरीरको अन्तिमसंस्कार गर्ने हो ।"

"भन्ते ! त्यसोभए जस्तो देवताहरूको इच्छा हो त्यसै होस् ।"

त्यसबखत कुशीनगरमा घुँडा घुँडासम्म आउने गरी मन्दार फूलहरूले भरिएको थियो । अनि देवताहरूले दिव्य नृत्यगीत बाजागाजा फूल धूप सुगन्धद्वारा मान सत्कार पूजा गरे । मानिसहरूले पनि त्यस्तै गरे । मानिसहरूको बीच देवताहरू र देवताहरूको बीच मानिसहरू थिए । उत्तर उत्तर पट्टिबाट लागी उत्तरको ढोकाबाट नगरभित्र पसी नगरको बीच बीचबाट गई नगरको पूर्वपट्टिको ढोकाबाट निस्की नगरको पूर्वतिरको मकुटबन्धन भन्ने मल्लहरूको पूजनीय स्थानमा भगवान्‌को शरीर राखे । (दी. नि. II पृ. १२३: महापरिनिब्बानसुत्त)

नगरको बीचबाट भगवान्‌को शवयात्रा लगिरहेको बेलामा बन्धुलसेनापतिकी भार्या बन्धुलमल्लिका देवीले आफ्ना पतिको देहान्त भएदेखि त्यसै राखि छाडेको विशाखा महाउपासिकाको जस्तै 'महालतापसाधन' भन्ने रत्नमय आभरण

वस्त्र भगवान्‌लाई चढाउनेछु भन्ने मनमा राखी सुगन्धित पानीले सफा सुग्घर पारी दैलोमा उभिइ रहिन् । दैलोनिर शवयात्रा पुग्दा शरीर भुइमा राख्न लगाई सो रत्नमय **महालतापसाधन** भगवान्‌लाई ओढाइदिइन् । शरीरदेखि पाउसम्म ढाकिएको थियो । यसबाट भगवान्‌को शव अत्यन्त चम्किलो देखिएको थियो । यो देखेर बन्धुलमल्लिका देवीले यस्तो प्रार्थना गरीन्– "हे भगवान् ! जहाँसम्म म संसारमा घुमिरहनेछु त्यहाँसम्म मैले यस्तो वस्त्र नलगाइकनै मेरो शरीर संधै चम्किलो रहोस् !" (सुमं. वि. II पृ. ३१०: महापरिनिब्बानसुत्तवण्णना ।)

त्यसबखत शीर नुहाई सफासुग्घर चुनेको लुगा लगाएका चारजना (४) प्रमुख मल्लहरूले भगवान्‌को चितामा आगो राख्न लाग्दा आगो लगाउन सकेनन् । अनि कुशीनगरका मल्लहरूले आयुष्मान् अनुरुद्धसँग आगो लगाउन नसकेको कारण सोधे ।

आयुष्मान् अनुरुद्धले यसो भन्नुभयो– "वासेठ्ठ हो ! (=वाशिष्ट) देवताहरूको विचार अर्कै छ ।"

"भन्ते ! देवताहरूको कस्तो विचार छ त ?"

"वासेट्ठहो ! यी आयुष्मान् महाकश्यप ५०० भिक्षुहरूका साथ पावाबाट कुशीनगर आउँदै हुनुहुन्छ । जबसम्म वहाँले भगवान्‌को पाउमा वन्दना गर्नुहुने छैन तबसम्म चितामा आगो बल्नेछैन ।"

"भन्ते ! त्यसो भए देवताहरूको जस्तो इच्छा हो त्यस्तै होस् ।" (दी.नि. II पृ. १२५: महापरिनिब्बानसुत्त; बु. श्रा. च-६ पृ. १०५ ३१८-२०)

अजातशत्रु राजाले राज्य गरेको आठौं वर्षमा भगवान् परिनिर्वाण हुनुभएको थियो । (बु. रा.-२ पृ. ५१, ६३, महा. वं. टी. पृ. १०५-०६ गा. नं. ३१-३२: दुतिय-परिच्छेद; अजा. श. पृ. २१)

कुशीनगरमा धातुविभाजन आदिको काम सिद्धिएपछि राजगृहमा **धर्मसंगायना गर्ने भन्ने कुरा** सर्वसम्मतिबाट पारित भएपछि एतदग्र र त्रिविदयालाभी ४९९ अरहन्तहरू चुनिए । पछि सबैको सम्मति अनुसार **आनन्द स्थविर** पनि चुनिनुभयो। यसरी संगायनाको निमित्त जम्मा **५०० भिक्षुहरू** भए । त्यसपछि **अनुरुद्ध स्थविर** उपड्ढ (=आढा) परिषद् लिई राजगृहको निमित्त एउटा बाटो लिई प्रस्थान गर्नुभयो । (बु. रा.-२ पृ. ६३; सम. पा. I पृ. ९ बाहिरनिदानकथा; बु.श्रा. च-६ पृ. १११, ११७, ३२४; चुल्ल. व. पा. पृ. ४०६: पञ्चसतिकक्खन्धकं) कुशीनगरबाट राजगृहसम्म २५ योजन छ । (बु. रा.-२ पृ. ५६; सुमं. वि. II पृ. ३२५: महापरि-निब्बानसुत्तवण्णना)

राजगृहमा वर्षावास गरिरहेका ५०० भिक्षुहरूले वेभार पर्वतको **सप्तपर्णि गुफाको अगाडि** अजातशत्रु राजाले सजिसजाउ गरी तयार पारिदिएको मण्डपमा वसी संगायना गर्न थाले । त्यहाँ एकसे एक प्रतिसम्भिदालाभी त्रिविदया

लाभी र अग्रस्थान प्राप्त भएका महास्थविरहरू थिए। दिव्य-चक्षुमा अग्रस्थान हुनु भएका अनुरुद्ध स्थविर पनि हुनुहुन्थ्यो। (बु. श्रा. च-६ पृ. १२०, १२१, १२५) सूत्रपिटकको संगायना सिद्धिएपछि १२० भाणवार भएको अंगुत्तरनिकायको रक्षागर्ने अभिभारा अनुरुद्ध स्थविरलाई सुम्पिएको थियो। (बु. श्रा. च-६ पृ. १३५; सुमं. वि. II पृ. २०: पथम-महासंगीतिकथा।)

थेर. गा. पा. पृ. ३६० गा. नं. ९१९ मा अनुरुद्ध स्थविरले वृजी देशको वेलुव गाउँको बाँसको झाडीमा आफू परिनिर्वाण हुने कुरा यसरी व्यक्त गर्नुभएको छ-

"वज्जीनं वेलुवगामे, अहं जीवित सङ्ख्या।
हेट्ठतो वेलुगुम्बस्मि, निब्बायिस्सं अनासवो।।"

अर्थात्-"मेरो जीवनको आयुसंस्कार सिद्धिएपछि म वृजी राज्यको वेलुव गाउँको एक बाँसको झाङमा अनास्रवी भई परिनिर्वाण हुनेछु।"

जातक युग

(१) जा. नं. ४२३: इन्द्रिय जातकमा सरभङ्गका शिष्य पब्बत भन्ने अनुरुद्ध थिए। (जा.अ. क. III पृ.३३३; बु. श्रा. च-६ पृ. १६४; जा. सं-४ पृ. २०७)

(२) जा. नं. ४४१: चतुपोसथियजातकमा गन्धर्व

राजा हुने अनुरुद्ध थिए। (जा. पा. I पृ. १९७ गा. नं. ३८)

(३) जा.नं.४८८: भिसजातकमा हाम्रा बोधिसत्वको नाम महाकञ्चन कुमार थियो। वहाँ समेत वहाँका सात सहोदर दाजुभाइहरू र एक सहोदर बहिनी थिइन्। ती सात दाजुभाइ हाल क्रमशः स्वयं बुद्ध, सारिपुत्र, मौद्गल्यायन, महाकश्यप, अनुरुद्ध, पूर्ण तथा आनन्द स्थविरहरू हुन्। उनीहरूका सहोदर बहिनी उत्पलवर्णा स्थविरा हुन्। (जा. अ. क. V पृ. २९; बु. श्रावि. च-१ पृ. २५५; बु. श्रा. च-६ पृ. १६६)

(४) जा. नं. ५०९: हत्थिपालजातकमा एसुकारी राजाका पुरोहित ब्राह्मण राजाको घनिष्ठ मित्र थिए। यी दुबै जनाका सन्तान थिएनन्। पछि पुरोहित ब्राह्मणले चारवटा छोरा पाए। जसमध्ये एकजनाको नाम अजपाल थियो। यी अजपाल अनुरुद्ध थिए। (जा. अ. क. V पृ. १६३; बु. श्रा. च-६ पृ. १६९; बु. श्रावि. च.-१ पृ. ५४७)

(५) जा. नं. ५१५: सम्भवजातकमा कुरु राजाका पुरोहित ब्राह्मण सुचीरत भन्ने अनुरुद्ध थिए। (बु. श्रा. च-६ पृ. १७०; बु. प.-१ पृ. १२६)

(६) जा. नं. ५२२: सरभङ्ग जातकमा सरभङ्ग बोधिसत्वका पब्बत भन्ने शिष्य अनुरुद्ध थिए। (जा. अ. क. VI पृ. ३७; जा. सं.-४ पृ. २०७; बु. श्रा. च-६ पृ. १७०)

(७) जा. नं. ५३५: सुधाभोजन जातकमा पञ्चशिख हुने अनुरुद्ध थिए। (बु. श्रा. च–६ पृ. १७४; बु. बृ.–१ पृ. ३२३; जा. सं.–३ पृ. २००)

(८) जा. नं. ५४५: विधुरजातकमा शक्रदेवेन्द्र हुने अनुरुद्ध थिए। (जा. अ. क. VII पृ. २९५; बु. श्रावि. च–१ पृ. ६९३)

(९) जा. नं. ५४७: महावेस्सन्तर जातकमा शक्र-देवेन्द्र हुने अनुरुद्ध थिए। (बु. श्रावि. च-१ पृ. ६९६; जा. अ. क. VII पृ. ५२७)

पुस्तक पाइने ठाउँ–

१. आनन्द कुटी विहार
स्वयम्भू, काठमाडौं ।
फो. नं. २७१४२०

२. संघाराम भिक्षु तालिम केन्द्र
लुती, ढल्को, (शोभा भगवती जाने बाटो)
काठमाडौं ।
फो. नं. २१५०२०

३. बुद्ध विहार
बाल्मिकी संस्कृत क्याम्पस पछाडी,
भृकुटीमण्डप, काठमाडौं ।
फो. नं. २२६७४३

४. लक्की स्टोर्स
भैरब टोल,
पोखरा ।

५. हेराकाजी सुजिका
नागबहाल, ललितपुर ।

थप जानकारीको लागि–
भिक्षु मैत्री
पो. ब. नं. ३००७
काठमाडौं ।

२८.	बुद्धकालीन श्रावक-चरित	भाग-४	.. रू.	१४/-
२९.	बुद्धकालीन श्रावक-चरित	भाग-५	...रू.	१४/-
३०.	बुद्धकालीन श्रावक चरित	भाग-६	...रू.	३०/-
३१.	बुद्धकालीन श्राविकाचरित	भाग-१	.. रू.	२२/-
३२.	बुद्धकालीन ब्रह्मादिदेव	भाग १	...रू.	१८/-
३३.	बुद्धकालीन ब्रह्मादिदेव	भाग-२	...रू	१८/-
३४.	बुद्धकालीन ब्रह्मादिदेव	भाग-३	...रू.	१४/-
३५.	बुद्धकालीन प्रेतकथा		..रू.	१०/-
३६.	बुद्धकालीन विमानकथा		...रू.	१२/-
३७.	जातक संग्रह	भाग-१	...रू.	१०/-
३८.	जातक संग्रह	भाग-२	...रू.	८/-
३९.	जातक संग्रह	भाग-३	...रू.	१३/-
४०.	जातक संग्रह	भाग-४	.. रू	१२/-
४१.	संक्षिप्त कथा सहित धम्मपद (द्वितीयावृत्ति)		रू.	१५/-
४२.	यशोधरा		...रू.	११/-
४३.	विषय सूची	भाग-१	...रू.	५/-
४४.	विषय सूची	भाग-२	रू.	१०/-
४५.	जापान भ्रमणको डायरी		...रू.	४/-
४६.	त्रिरत्न वन्दना र पाठ्यसूत्र		...रू.	४/-
४७.	महासीहनादसुत्त			
४८.	नेपालमा थेरवाद बुद्धधर्मको संक्षिप्त इतिहास			
४९	सोलुखुम्बु यात्राको डायरी		...रू.	५/-
५०.	वेस्सन्तर जातक (द्वितीयावृत्ति)		.. रू.	१२/-
५१.	सम्राट् अशोक		...रू.	२/५०
५२.	महिन्द थेर तथा संघमित्ता थेरी		. रू.	५/-
५३.	अजातशत्रु		...रू.	६/-
५४.	अनाथपिण्डिक		.. रू	८/-
५५.	अनुरुद्ध स्थविर		...रू.	८/-

नेवारीमा :

५६.	अग्रश्रावक	५७.	आर्यसत्य (तृतियावृत्ति)
५८.	कर्मविभाग (तृतियावृत्ति)	५९.	त्रिरत्न वन्दना
६०.	धर्म व विनय	६१.	प्रजापति गौतमी
६२.	पाठचसूत्र	६३.	बौद्ध कहानी

६४.	सर्वज्ञ धातु		
६५.	गृही–विनय (चतुर्थावृत्ति)	.. रू.	३/५०
६६.	जातकमाला भाग–१ (तृतीयावृत्ति)	.. रू.	१/७५
६७.	जातकमाला भाग–२ (द्वितीयावृत्ति)		
६८.	धम्मपद (चतुर्थावृत्ति)	.. रू	८/–
६९.	धम्मपदट्ठकथा भाग-१ (द्वितीयावृत्ति)	...रू.	१२/–
७०.	बुद्धशासनया इतिहास भाग-१	.. रू	१/–
७१.	संक्षिप्त बुद्धिजीवनी (चतुर्थावृत्ति)	.. रू.	४/–
७२.	महास्वप्न जातक (द्वितीयावृत्ति)		
७३.	वेस्सन्तर जातक (द्वितीयावृत्ति)	...रू.	४/–
७४.	सूत्रसंग्रह	.. रू.	१/५०
७५.	न्ह्यसःया लिसः	...रू.	३/–
७६.	महाकाश्यप चरित	...रू.	२०/–
७७.	ज्ञानमाला भजन १५गू गु आवृत्ति	...रू.	५/–
७८.	अशोक जुजु	.. रू.	३/–

अंग्रेजीमा :

७९. Buddhist Activities in Socialist Countries

८०. Kings of Buddha's Time

८१. A Short History of Theravada Buddhism in Modern Nepal .. (Third Edi.)